# २ दानिएल र युगको अन्त

*__यस अध्यायको मूल पदहरू__*: लूका १६:१०, दानिएल १,२, ३:१-६, प्रकाश १३:११-१५, दानिएल ३:१३-१८, यूहन्ना ३:७ र दानिएल ४,६

*__यस अध्यायको मूल सार पद__*: "अनि राजाले दानिएललाई सम्बोधन गरे, **"साँच्चिकै तिम्रो परमेश्वर सारा देवीदेवताहरूको परमेश्वर हुनुहुदोरहेछ, उहाँ सारा राजाहरूका प्रभु हुनुहुन्छ र उहाँले रहस्यहरूलाई प्रकट गर्नुहुन्छ। मेरो सपनाको अर्थ तिमीलेमात्र प्रकट गर्न सक्यौ"** (दानिएल २:४७ रूपान्तरित)।

इजिप्टमा चारसय वर्षसम्म प्रवासी जीवन बिताइरहेका पौराणिक इस्रायलहरूको निम्ति परमेश्वरको ठूलो योजना थियो। त्यो योजना उहाँले यसरी प्रकट गर्नुभयो, "तिमीहरू पुजारीहरूका राज्य हुनेछौ। तिमीहरू पवित्र राष्ट्र हुनेछौ" (प्रस्थान १९:६ रूपान्तरित)। पवित्र राष्ट्र र पूजारीहरूको राज्यले सनातन सृष्टिकर्ता परमेश्वर यहोवेको निम्ति सारा संसारमा गवाही भएर खडा हुनुपर्दथ्यो (यशैया ४३:९-१३मा परमेश्वरले आफ्नो मर्म यसरी व्यक्त गर्नुहुन्छ, "९ सबै जाति-जातिहरू एकैसाथ जम्मा होऊन् र मानिसहरू भेला होऊन्। तिनीहरूमध्ये कसले हामीलाई यो कुरा बतायो, र पहिलेका कुराहरू घोषणा गऱ्यो? तिनीहरू सच्चा ठहरिनलाई आफ्ना-आफ्ना साक्षी ल्याऊन्, र अरूहरूले सुनेर भनून्, "यो सत्य हो।" १० परमप्रभु भन्नुहुन्छ, "तिमीहरू मेरा साक्षी र मैले चुनेका दास हौ, र तिमीहरूले मलाई चिन्न र विश्वास गर्न सक, अनि म उही हुँ भनी बुझ्न सक। मभन्दा अघि कोही ईश्वर नै बनिएको थिएन, न त म पछि कोही हुनेछ। ११ म, हो, म नै परमप्रभु हुँ। मबाहेक अरू कोही मुक्तिदाता छैन। १२ मैले प्रकट गरेको छु, बचाएको छु र घोषणा गरेको छु। तिमीहरूका बीचमा मैले यो गरेको हुँ, अन्य ईश्वरले होइन। तिमीहरू मेरा साक्षी हौ, कि म नै परमेश्वर हुँ" परमप्रभु भन्नुहुन्छ। १३ "हो, प्राचीन समयदेखि नै म उही हुँ। मेरो हातबाट कसैले छुटाउन सक्दैन। जब म काम गर्छु, त्यसलाई कसले उल्टाउन सक्छ? ") दुर्भाग्यवस त्यस पौराणिक यहूदी राष्ट्र परमेश्वरको पवित्र चाहना अनुसार चल्न असफल भयो। तिनीहरूले परमेश्वरलाई वास्ता नगरेकोले परमेश्वरले पनि तिनीहरूकै नियतमा छोड्नुभयो जसको फलस्वरुप तिनीहरू बिदेशी राष्ट्र बेबिलोन (आधुनिक इराक)को

आक्रमणमा परे र कतिपय इस्रायलीहरूलाई युद्धबन्दी बनाएर बेबिलोनमा लगियो।

बिदेशमा यहूदीहरूले युद्धबन्दीको तीतो जीवन बिताउन वाध्य भएतापनि कुनै कुनैलाई उहाँको साछी बन्न परमेश्वरले प्रयोग गर्नुभएको थियो। अर्को अर्थमा भन्ने हो भने इस्रायल र यहूदा देशले गर्न नसकेको काम परमेश्वरले केही हदसम्म दानिएल र उनका तिन मित्रहरूद्वारा गर्नुभएको थियो। अझै भन्ने हो भने दानिएल र उनका मित्रहरू एक आदर्श नमूनाको निम्ति खडा हुन पुगेका थिए जुन इस्रायल राष्ट्र हुनुपर्ने थियो।

हो, दानिएल र उनका मित्रहरू आफ्ना देशबाट टाढा रहन वाध्य भएतापनि तिनीहरूको जीवनमा घटेको कथाले अन्तिम दिनहरूमा घट्ने घट्नाहरूको पर्दा उघारि दिएको छ। तिनीहरू धेरै धेरै वर्ष अघि रहेका भएतापनि तिनीहरूको चरित्र र स्वभाव हामीहरूको निम्ति अनुकरणीय उदाहरण हुनसक्छ। तिनीहरू मूर्तिपूजा गर्ने राजाको बेबिलोनको दरवारमा रहेर सृष्टिकर्ता परमेश्वरलाई नचिन्नेको निम्ति साक्षी बनेका थिए। हामी पनि त्यसरी नै परमेश्वरलाई नचिन्नेहरूको निम्ति तिनीहरू जस्तै उहाँको निष्ठामा रहेर उहाँको निम्ति साक्षी बन्न सक्छौं। तिनीहरूको जीवनमा भएका घट्नाहरूबाट हामीले के सिक्न सक्छौं?

## १. सानो सानो कुराहरूमा पनि आफ्नो निष्ठाको निम्ति अडिग हुने वा इमान्दार हुने

**"जो थोरै कुरामा इमानदार हुन्छ, त्यो धेरैमा पनि इमानदार हुन्छ, र जो अति सानो कुरामा बेइमान हुन्छ, त्यो धेरैमा पनि बेइमान हुन्छ।" लूका १६:१०)।**

येशूको उपरोक्त भनाइलाई हेर्नुहोस्। सबै कुराहरूमा मिलेर जान सजिलो छ, छैन त? सानोतिनो कुराहरूमा इमानदार हुन आवश्यक छैन भन्ने लोकप्रिय धारणा त छ नै। तर समस्या भनेको सानो तिनो वा थोरै कुराहरू सधै महत्वहीन नै हुन्छन् भन्न खोजिएकोचाहिँ होइन। त्यसैकारणले त्यसलाई थोरै वा सानो वा झिनो कुरा भनेर सम्बोधन गरिन्छ।तर सानो तिनो कुरा वा चानचुन वा थोरैमात्र हो भनेर त्यसलाई वेवास्ता गर्दै चल्न खोज्दा त्यसले अरू सानो कुराहरूसँग पनि वेवास्ता गर्ने बानी हुन्छ र हुँदा हुँदा ठूलो कुराहरूमा वेवास्ता गर्न पुग्छौ। अर्थात् सानो कुरालाई बेवास्ता गर्ने प्रवृत्तिले ठूलो कुरालाई पनि बेवास्ता गर्ने आदत बस्न सक्छ।

उपर्युक्त सोचलाई मध्यनजरमा गर्दै हामी अब दानिएल १ तिर ध्यान दिन्छौं। राजा नाबूकदनेसरको आक्रमणमा परेर शत्रुदेश बेबिलोनमा युद्धबन्दी बनाइएका दानिएल र उनका तिन जना मित्रहरूको प्रथम अनुभव केलाएर हेरौं।

**जुन उद्देश्य लिएर पौराणिक इस्रायल स्थापना भएको थियो त्यो उद्देश्य दानिएल, हननिया, मिशेल र अजरियाले लिएको अडानले प्रतिबिम्बित गरेको थियो भनेर दानिएल १मा कसरी देखाइएको छ ? हेर्नुहोस्ः " १ यहूदाका राजा यहोयाकीमका शासनकालको तेस्रो वर्षमा बेबिलोनका राजा नबूकदनेसर यरूशलेममा आएर त्यसलाई घेरे। २ अनि परमप्रभुले परमेश्वरको भवनका केही भाँड़ाकुँड़ाहरूसहित यहूदाका राजा यहोयाकीमलाई तिनको हातमा सुम्पिदिनुभयो। ती भाँड़ाकुँड़ाहरू तिनले बेबिलोनियामा भएको आफ्ना देवताको मन्दिरमा लगे र देवताकै भण्डारमा राखे। ३ तब राजाले प्रवासमा लगिएका इस्राएलीहरूमध्येबाट राजकीय खानदान र सभ्य खानदानका केही जवान मानिसहरू छान्नू भनी तिनका प्रमुख अधिकृत अशपेनजलाई हुकुम गरे। ४ ती जवान मानिसहरू कुनै शारीरिक खोट नभएका, सुन्दर, हरकिसिमका शिक्षा सिक्ने क्षमता भएका, ज्ञानले परिपूर्ण भएका, छिटो सिक्न सक्ने र राजदरबारमा सेवा गर्नलाई योग्य हुनुपर्थ्यो। अशपेनजले उनीहरूलाई बेबिलोनीहरूका भाषा र साहित्य सिकाउनुपर्थ्यो। ५ राजाले उनीहरूलाई राजदरबारमा खाने गरेका दैनिक खाना र दाखमद्य दिनू भनी अशपेनजलाई हुकुम गरे। उनीहरूलाई तीन वर्षसम्म तालिम दिनुपर्थ्यो, र त्यसपछि उनीहरू राजाको सेवामा प्रवेश गर्नुपर्थ्यो। ६ यीमध्ये कोही यहूदाका कुलका थिएः दानिएल, हनन्याह, मीशाएल र अजर्याह। ७ प्रमुख अधिकृतले तिनीहरूलाई नयाँ नाउँ दिए। दानिएललाई बेलतसजर, हनन्याहलाई शद्रक, मीशाएललाई मेशक र अजर्याहलाई अबेद्नगो। ८ तर दानिएलले राजकीय भोजन र दाखमद्य खाएर आफैलाई अशुद्ध नपार्ने निर्णय गरे, र तिनले यसरी आफैलाई अशुद्ध नपार्नलाई प्रमुख अधिकृतसँग अनुमति मागे। ९ अनि परमेश्वरले ती अधिकृतलाई दानिएलप्रति कृपा र सहानुभूति देखाउने तुल्याउनुभयो, १० तर अधिकृतले दानिएललाई भने, "तिमीहरूले खाने र पिउने कुराहरूका सम्बन्धमा मलाई खटाउनुहुने मेरा स्वामी महाराजादेखि म डराउँछु। तिमीहरूका उमेरका अरू जवानहरूभन्दा तिमीहरू उहाँको सामु किन कमसल अवस्थाका देखिनु र? तिमीहरूको कारणले गर्दा महाराजाले मेरो शिर उड़ाइदिनुहुनेछ।" ११ त्यसपछि दानिएल, हनन्याह, मीशाएल र अजर्याहमाथि**

खटाइएका सुरक्षाकर्मीलाई दानिएलले भने, १२ "कृपया, तपाईंका दासहरूलाई दश दिनसम्म जाँच्नुहोस्। हामीलाई खानका लागि सागपात र पिउनका लागि पानी मात्र दिनुहोस्। १३ त्यसपछि राजकीय खाना खाने जवानहरूसँग हाम्रा चेहरा दाँज्नुहोस् र तपाईंले देख्नुभएअनुसार आफ्ना दासहरूसँग व्यवहार गर्नुहोस्।" १४ यसकारण उनले यो कुरा मन्जूर गरे र दश दिनसम्म तिनीहरूको जाँच गरे। १५ दश दिनपछि राजकीय खाना खाएका ती अन्य जवानहरूभन्दा तिनीहरू स्वस्थ र पुष्ट देखिए। १६ यसकारण ती सुरक्षाकर्मीले तिनीहरूका लागि तोकिएका मीठा-मीठा खाना र दाखमद्य हटाएर तिनीहरूलाई सागपात दिए। १७ यी चार जवान मानिसहरूलाई परमेश्वरले सब किसिमका साहित्य र शिक्षाको ज्ञान र समझ दिनुभयो। अनि दानिएल सबै किसिमका दर्शन र सपनाको अर्थ खोल्न सक्ने भए। १८ राजाले तिनीहरूलाई हाजिर गराउनू भनी तोकेको समय भएपछि ती प्रमुख अधिकृतले तिनीहरूलाई राजा नबूकदनेसरकहाँ ल्याए। १९ राजाले तिनीहरूसँग कुरा गरे र उनले दानिएल, हनन्याह, मीशाएल र अजर्याह बराबर कोही पनि भेट्टाएनन्। यसकारण तिनीहरू राजाको सेवामा नियुक्त भए। २० राजाले बुद्धि र समझको बारेमा तिनीहरूलाई जे-जति प्रश्न सोध्थे, अधिराज्यभरका जादूगरी र मन्त्रतन्त्र गर्नेहरूभन्दा तिनीहरूलाई दश गुणा असल भेट्टाए। २१ अनि कोरेस राजाका शासनकालको पहिलो वर्षसम्म दानिएल त्यहाँ रहे।" देहायका पदहरू पनि पढ्नुहोस्: व्यवस्था ४:१-८ "१ अब हे इस्राएली हो, मैले तिमीहरूलाई सिकाउन लागेका विधिविधानहरूमा ध्यान लगाओ। ती पालन गर, र तिमीहरू जीवित रहनेछौ, र तिमीहरूका पितापुर्खाका परमप्रभु परमेश्वरले तिमीहरूलाई दिनुहुने देश अधिकार गर्नेछौ। २ मैले तिमीहरूलाई दिएका आज्ञाहरूमा केही पनि घटबढ़ नगर्नू, तर मैले तिमीहरूलाई दिएका परमप्रभु परमेश्वरका आज्ञाहरू पालन गर्नू। ३ बाल-पोरमा परमप्रभुले के गर्नुभयो त्यो तिमीहरूले आफ्नै आँखाले देखेका छौ। पोरको बाल देवतापछि लाग्ने सबै मानिसहरूलाई परमप्रभु परमेश्वरले तिमीहरूका मध्येबाट नाश गर्नुभयो। ४ तर परमप्रभु तिमीहरूका परमेश्वरसित लागिरहने तिमीहरूमध्येको प्रत्येक आजसम्म जीवित छ। ५ हेर, परमप्रभु मेरा परमेश्वरले मलाई आज्ञा गर्नुभएबमोजिम तिमीहरूले अधिकार गर्ने देशमा यी सबै पालन गर्नलाई नै मैले तिमीहरूलाई यी विधिविधानहरू सिकाएको छु। ६ तिमीहरूले ती मान र पालन गर, किनकि यसैबाट अरू जातिहरूका अगि तिमीहरूका बुद्धिमानी र समझको प्रचार हुनेछ। यी सबै विधिहरू सुनेर

**उनीहरूले भन्नेछन्, "अवश्य यस महान् जातिका मानिसहरू खूबै बुद्धिमान् र समझदार रहेछन्" ७ हामीले उहाँलाई पुकारा गर्दा परमप्रभु हाम्रा परमेश्वर हाम्रो जति नजिक हुनुभएझैं ईश्वर यति नजिक भएको अरू कुनचाहिँ यति महान् जाति छ ? ८ मैले तिमीहरूलाई आज दिने यो व्यवस्थाजस्तै धार्मिक विधिविधान भएको अरू कुनचाहिँ यति महान् जाति छ?" र जकरिया ८:२३ "सर्वशक्तिमान् परमप्रभु यसो भन्नुहुन्छ, "ती दिनमा सबै जाति-जातिबाट र सबै भाषा बोल्नेहरूमध्येबाट दश जना मानिसले एउटा यहूदीलाई लुगाको छेउ समातेर यसो भन्नेछन्, "हामी तपाईंसितै जानेछौं, किनभने हामीले सुनेका छौं कि परमेश्वर तपाईंसित हुनुहुन्छ"।"**

**दश दिनसम्म** दानिएल र उनका साथीहरूले के के खाए भनेर सबै थोक नबताएतापनि तिनीहरू अरूभन्दा बुद्धि र समझशक्तिमा दश गुणा बढि भएको भेट्टाइएकोले तिनीहरूमा भएको प्रतिवद्धता स्पष्ट छ। त्यो ज्ञान र बुद्धि परमेश्वरले दिनुभएको भनेर पनि दानिएल १मा उल्लेख गरिएको छ। बेबिलोन देशका अशुद्ध र अस्वस्थ खाना खान तिनीहरूले इन्कार गरेका थिए। तिनीहरूको विश्वासको त्यो अडानले गर्दा परमेश्वरले तिनीहरूबाट काम गर्न सक्नुभएको थियो। तिनीहरूले परमेश्वरको वचनलाई पालन गरे र उहाँले तिनीहरूको पालनलाई आशिष दिनुभएको थियो। जसरी ती चार युवाहरूले लगनशील भएर परमेश्वरको वचनलाई विश्वाससाथ पालन गरे यदि पौराणिक इस्राएलीहरू पनि परमेश्वरप्रति बफादारी भएको भए **उहाँले** त्यही खालको आशिष तिनीहरूलाई दिनुहुने थिएन र? यदि हामी पनि परमेश्वरको वचन पालनमा अडिग भयौं भने आजमात्र होइन अन्तिम दिनहरूमा पनि उहाँ हाम्रो साथमा हुनुहुनेछ र आशिष दिनुहुनेछ।

**हामी सेभेन्थ-डे एडभेन्टिस्टहरूलाई कति धेरै ज्ञानको ज्योति र सत्यहरू दिइएको छ। के हामीले पनि यो आफूलाई सोध्न सक्दैनौं र? "हामीलाई दिइएको ज्ञानमा के हामी अडान लिइरहेका छौं र? के हामी पनि परमेश्वरको वचन अनुसार विश्वाससाथ हिँडिरहेका छौं? फेरि त्यसैवखत हामी व्यक्तिगत रूपमा परमेश्वरको निष्ठामा अडान लिएर उहाँको निम्ति कसरी प्रभावकारी साक्षी बन्न सक्छौं?**

## २. दानिएलको नम्रता

सारा संसारमा दानिएल २ अध्यायको ज्ञानले अनगिन्ति मानिसहरूले बाइबलको परमेश्वरलाई विश्वास गर्न सघाइरहेको छ। त्यस अध्यायमा परमेश्वरको अस्तित्वमात्र होइन उहाँमा भएको भविष्यसम्बन्धीको ज्ञानले मानिसहरूलाई अत्यन्त प्रभावित पारिरहेको छ। विश्वको इतिहासमा खेलिने शक्तिशाली राष्ट्रहरूको भूमिकालाई त्यस अध्यायमा उल्लेखित मूर्तिको सपनाले उघारिदिएको आसय अत्यन्त तर्कयुक्त छ। हो, परमेश्वरको अस्तित्व र उहाँको भविष्यको ज्ञानलाई उक्त अध्यायले स्पष्टरूपमा हाम्रो सामु खोलेको छ।

**दानिएल २ अध्याय पढ्नुहोस्। परमेश्वरको अस्तित्व कस्तो वास्तविक छ भनेर त्यस अध्यायले चित्तबुझ्दो तरिकाले कसरी हामीलाई बुझाउँछ? छब्बिससय वर्ष अघि जन्मेका दानिएलले आधुनिक युरोप तथा विश्वसाम्राज्यहरूको चित्रण तथा गतिविधि ठ्याक ठ्याक मिल्नेगरी कसरी भन्न सके होलान् यदि परमेश्वरले प्रकट नगर्नुभएको भए? हेर्नुहोस्: "१ आफ्नो शासनकालको दोस्रो वर्षमा नबूकदनेसरले सपनाहरू देखे। उनको मनमा छटपटी भयो र उनी सुत्न सकेनन्। २ यसकारण राजाले जादूगरहरू, मन्त्रतन्त्र गर्नेहरू, बिजुवाहरू र ज्योतिषीहरूलाई उनले देखेको सपना बताइदिऊन् भनी बोलाउने हुकुम गरे। जब तिनीहरू आए र राजाको सामु खड़ा भए, ३ उनले तिनीहरूलाई भने, "मैले एउटा सपना देखेको छु। त्यसले मलाई विचलित बनाएको छ, र यसको अर्थ बुझ्न चाहन्छु।" ४ तब ती ज्योतिषीहरूले आरमेइक भाषामा राजालाई उत्तर दिए, "महाराजा, अमर रहून्! हजूरका दासहरूलाई सपना बताइदिनुहोस्, र हामी त्यसको अर्थ बताउनेछौं।" ५ राजाले ती ज्योतिषीहरूलाई जवाफ दिए, "मैले यही निर्णय गरेको छुः यदि तिमीहरूले मैले देखेको सपना र त्यसको अर्थ बताएनौ भने, तिमीहरू टुक्रा-टुक्रा पारिनेछौ र तिमीहरूका घरहरू उजाड़ पारिनेछन्। ६ तर यदि तिमीहरूले मलाई सपना र त्यसको अर्थ बतायौ भने, मबाट तिमीहरूले उपहारहरू र इनामहरू तथा ठूलो सम्मान पाउनेछौ। यसकारण मलाई मेरो सपना र त्यसको अर्थ बताओ।" ७ फेरि एक चोटि तिनीहरूले जवाफ दिए, "महाराजाले आफ्ना दासहरूलाई आफ्नो सपना बताइदिनुहोस् र हामी त्यसको अर्थ खोलिदिनेछौं।" ८ तब राजाले जवाफ दिए, "म निश्चित छु कि तिमीहरूले मबाट समय लिएर टार्ने कोसिस गर्दैछौ, किनभने मैले के निर्णय गरिसकेको छु भनेर तिमीहरूलाई थाहा भएको छ। ९ यदि**

तिमीहरूले मलाई सपना बताएनौ भने तिमीहरूका लागि एउटै मात्र सजाय छ। यो परिस्थिति बद्लिएला भन्ने आशाले मलाई भ्रम र दुष्ट कुरा गर्ने तिमीहरूले मतो गरेका छौ। यसकारण मलाई सपना बताओ, अनि मलाई थाहा हुनेछ कि तिमीहरूले यसको अर्थ मलाई बताउन सक्नेछौ। १० ज्योतिषीहरूले राजालाई उत्तर दिए, "महाराजाले भन्नुभएको कुरा गर्न सक्ने पृथ्वीमा कोही छैन। जति महान् र शक्तिशाली भए पनि कुनै राजाले कुनै जादूगर वा मन्त्रतन्त्र गर्ने वा ज्योतिषीहरूसँग यस्तो कुरा कहिल्यै माग गरेका छैनन्। ११ महाराजाले गर्नुभएको यो प्रश्न अति नै गाह्रो छ। महाराजालाई यो कुरा देवताहरूबाहेक अरू कसैले पनि प्रकट गर्न सक्दैन। ती देवताहरू मानिसहरूका बीचमा बस्दैनन्।" १२ यसले गर्दा राजा रिसले यति चूर भए कि उनले बेबिलोनका सबै ज्ञानी पुरुषहरूलाई मृत्युदण्ड दिने हुकुम गरे। १३ यसरी ज्ञानी पुरुषहरूलाई मृत्युदण्ड दिने घोषणा निस्क्यो र दानिएल र तिनका साथीहरूलाई पनि मार्न भनी तिनीहरूलाई झिकाउन मानिसहरू पठाइए। १४ जब राजाका अङ्गरक्षकका कप्तान अर्योक बेबिलोनका ज्ञानी पुरुषहरूलाई मार्न निस्के, दानिएलले बुद्धिमानी र बड़ो निपूर्णतासाथ उनलाई प्रश्न गरे, १५ "राजाले किन यस्तो कठोर आदेश निकाल्नुभयो? तब अर्योकले दानिएललाई सबै कुरा बताइदिए। १६ यो सुनेर दानिएल राजाकहाँ गए र सपनाको अर्थ खोल्नलाई समय पाऊँ भनी बिन्ती गरे। १७ तब दानिएल आफ्नो घर फर्के र आफ्ना साथीहरू हनन्याह, मीशाएल र अजर्याहलाई सो कुरा बताइदिए। १८ बेबिलोनका अरू ज्ञानी पुरुषहरूका साथमा तिनी र तिनका साथीहरू नमारिऊन् भन्ने खातिर यो रहस्य खोल्न स्वर्गका परमेश्वरको कृपा मिलोस् भनी तिनले आफ्ना साथीहरूलाई उहाँसँग प्रार्थना गर्न अनुरोध गरे। १९ राती दर्शनमा दानिएललाई यसको रहस्य प्रकट गरियो। तब दानिएलले स्वर्गका परमेश्वरलाई प्रशंसा गरे, २० र भने, सदासर्वदै परमेश्वरको नाउँमा स्तुति होस्। बुद्धि र पराक्रम उहाँकै हुन्। २१ उहाँले नै समय र ऋतुहरू परिवर्तन गर्नुहुन्छ। उहाँले राजाहरूलाई सिंहासनमा राख्नुहुन्छ र उनीहरूलाई अपदस्थ गर्नुहुन्छ। उहाँले समझदारहरूलाई बुद्धि दिनुहुन्छ अनि विवेकीहरूलाई ज्ञान दिनुहुन्छ। २२ उहाँले गहिरा र लुकिएका कुराहरू प्रकट गर्नुहुन्छ, उहाँले अन्धकारमा के छ भनी जान्नुहुन्छ, र ज्योतिले उहाँमा वास गर्छ। २३ हे मेरा पिता-पुर्खाका परमेश्वर, तपाईंलाई म धन्यवाद दिँदछु र तपाईंको प्रशंसा गर्दछु, तपाईंले मलाई बुद्धि र शक्ति दिनुभएको छ, हामीले मागेको कुरा तपाईंले मलाई प्रकट गर्नुभयो, तपाईंले हामीलाई राजाको सपना

प्रकट गर्नुभयो।" २४ तब दानिएल बेबिलोनका ज्ञानी पुरुषहरूलाई मार्न भनी राजाले खटाएका अर्योककहाँ गएर उनलाई भने, "बेबिलोनका ज्ञानी पुरुषहरूलाई नमार्नुहोस्। मलाई राजाकहाँ लैजानुहोस् र म उहाँलाई उहाँको सपनाको अर्थ बताइदिनेछु।" २५ अनि अर्योकले दानिएललाई तुरुन्तै राजाकहाँ लगे र भने, "यहूदाबाट आएका प्रवासीहरूमध्ये एक जना मानिसलाई मैले भेट्टाएको छु, जसले राजालाई सपनाको अर्थ बताउन सक्छ।" २६ राजाले दानिएललाई (जसको नाउँ बेलतसजर पनि हो) सोधे, "के तिमी मेरो सपना र त्यसको अर्थ बताउन सक्छौ? २७ दानिएलले जवाफ दिए, "महाराजाले सोध्नुभएको रहस्यको कुरा कुनै पनि ज्ञानी पुरुष, मन्त्रतन्त्र गर्ने, जादूगर वा जोखना हेर्नेले बताउन सक्दैन, २८ तर स्वर्गमा एक परमेश्वर हुनुहुन्छ, जसले रहस्यका कुराहरू प्रकट गर्नुहुन्छ। उहाँले महाराजा नबूकदनेसरलाई भविष्यमा हुने कुराहरू देखाउनुभएको छ। हजूर ओछ्यानमा ढल्किरहनुहुँदा हजूरको मनमा भएका सपना र दर्शनहरू यी नै हुन्ः "२९ हे महाराजा, हजूर ओछयानमा ढल्किरहनुभएको बेला हजूरको मन भविष्यमा के हुने होला भन्ने तर्फ गयो, र रहस्य प्रकट गर्नुहुनेले भविष्यमा हुने कुरा देखाउनुभएको छ। ३० तर जसै मलाई यो रहस्य खोलिएको छ, अरू जीवित प्राणीहरूभन्दा ममा बढ्ता बुद्धि भएको कारणले होइन तर यसैकारण कि हजूर महाराजालाई सपनाको अर्थ खोलिओस् र हजूरको आफ्नो मनमा भएका कुरा बुझ्न सक्नुभएको होस् भनेर हो। ३१ "हे महाराजा, हजूरले हेरिरहनुहुँदा एउटा ठूलो सालिक उभिएको देख्नुभयो। यो सालिक विशाल र अत्यन्तै चहकिलो देखिन्थ्यो र त्यसको रूप भयानक थियो। ३२ त्यस सालिकको टाउको निक्खर सुनको, त्यसका छाती र हातहरू चाँदीका, त्यसका पेट र तिघ्राहरू काँसाका, ३३ त्यसका गोड़ाहरू फलामका, र त्यसका खुट्टाहरू केही फलाम र केही माटोका थिए। ३४ हजूरले हेरिरहनुहुँदा चट्टानबाट एउटा ढुङ्गा काटियो, तर मानिसको हातद्वारा होइन। यसले त्यस सालिकका फलाम र माटोले बनेका खुट्टालाई हान्यो र ती चकनाचूर पारिदियो। ३५ त्यसपछि त्यो फलाम, काँसो, चाँदी र सुन सबै एकै चोटि धूलोपीठो भए, र ग्रीष्म ऋतुमा अन्न चुट्ने खलाबाट भुसलाई उड़ाएझैं बतासले त्यसलाई नाउँनिशानै नहुने गरी उड़ाएर लग्यो। तर त्यस सालिकलाई हान्ने त्यो ढुङ्गा बढ्दैगएर ठूलो पहाड़ बन्यो र पूरै पृथ्वीलाई ढाकिदियो। ३६ "सपना यही थियो, र अब महाराजालाई यसको अर्थ बताउनेछौं। ३७ हजूर नै राजाहरूका महाराजा हुनुहुन्छ। स्वर्गका परमेश्वरले हजूरलाई राज्य, पराक्रम, शक्ति र महिमा दिनुभएको छ। ३८

हजूरको हातमा उहाँले सारा पृथ्वीका मानिसहरू र पशुहरू र आकाशका पक्षीहरू दिनुभएको छ। जहाँ-जहाँ उनीहरू बस्छन्, उहाँले हजूरलाई उनीहरूमाथि अधिकार गर्न दिनुभएको छ। हजूर नै त्यो सुनको टाउको हुनुहुन्छ। ३९ हजूरपछि, हजूरको भन्दा अलि कमजोर राज्य खड़ा हुनेछ। त्यसपछि काँसोको तेस्रो राज्यले सारा पृथ्वीमाथि अधिकार जमाउनेछ। ४० अन्त्यमा, फलामजस्तै बलियो चौथो राज्य आउनेछ, किनभने फलामले सबै थोक चकनाचूर पारिदिएझैं त्यसले अरू सबैलाई तोड़फोड़ गरी तितरबितर पार्नेछ। ४१ हजूरले यसका खुट्टा र औंलाहरू केही माटोले, केही फलामले बनेका देख्नुभएझैं यो विभाजित राज्य हुनेछ, तैपनि यसमा केही मात्रामा फलामको बल हुनेछ, जसरी हजूरले फलाम माटोसित मिसिएको देख्नुभयो। ४२ जसरी ती औंलाहरू केही फलाम र केही माटोका थिए, त्यसरी नै यो राज्य केही बलियो, केही सजिलैसित टुक्रिने हुनेछ। ४३ र हजूरले फलाम माटोमा मिसिएको देख्नुभएझैं मानिसहरू पनि मिश्रित जाति हुनेछन् र एकतामा रहनेछैनन्, जसरी फलाम माटोसित मिल्न सक्दैन। ४४ यी राजाहरूको समयमा स्वर्गका परमेश्वरले एउटा राज्य खड़ा गर्नुहुनेछ, जुनचाहिँ कहिल्यै नष्ट हुनेछैन, न त यसको सार्वभौमिकता अरू कुनै जातिको हातमा दिइनेछ। यसले यी सबै राज्यहरूलाई चकनाचूर पार्नेछ र अन्त्य गर्नेछ, तर यो राज्यचाहिँ सदासर्वदा रहिरहनेछ। ४५ हजूरले देख्नुभएको ढुङ्गाको अर्थ यही हो, जुनचाहिँ मानिसको हातद्वारा नकाटिईकनै पहरोबाट आएको थियो। त्यो ढुङ्गा जसले फलाम, काँसो, माटो, चाँदी र सुनलाई धूलोपीठो पारिदियो। महान् परमेश्वरले महाराजालाई भविष्यमा हुने कुराहरू देखाउनुभएको छ। त्यो सपना सत्य हो, र यसको अर्थ विश्वासयोग्य छ।" ४६ तब राजा नबूकदनेसरले दानिएलको अगाड़ि घोप्टो परी दण्डवत् गरे र तिनलाई आदर गरे, र साथै तिनलाई भेटी र धूप चढ़ाउन भनी हुकुम गरे। ४७ राजाले दानिएललाई भने, "साँच्ची नै तिमीहरूका परमेश्वर देवताहरूका पनि परमेश्वर र राजाहरूका प्रभु र रहस्य खोलिदिनुहुने हुनुहुन्छ, किनभने तिमीले यो रहस्य खोल्न सक्यौ।" ४८ तब राजाले दानिएललाई उच्च पदमा राखे र धेरै बहुमूल्य उपहारहरू दिए। उनले तिनलाई बेबिलोनका समस्त प्रदेशमाथि शासक बनाए र त्यहाँका सबै ज्ञानी पुरुषहरूका प्रधान तुल्याए। ४९ त्यसबाहेक दानिएलको अनुरोधमा राजाले शद्रक, मेशक र अबेद्नगोलाई बेबिलोनको प्रदेशमाथि प्रशासक नियुक्त गरे। दानिएल आफैंचाहिँ राजदरबारमै रहे।"

दानिएलले नहिच्किचच्याइकन खुलारूपमा आफूलाई प्रकट गरिएको सपनाको अर्थको जस परमेश्वरलाई दिएका थिए। कतिपय मानिसहरूले आफूहरूमा भएको ज्ञान र समझशक्तिको जस वा श्रेय आफूले लिने गरेको पाइन्छ। तर दानिएलले **सपना** र त्यसको भेद खुलाउने क्षमताको श्रेय वा जस परमेश्वरलाई नै दिएको कारणले उनको नम्रता कस्तो थियो भन्ने कुरा त्यहाँ झल्किन्छ। उनले आफ्नो होइन परमेश्वरको इज्जत थाम्न त्यसो गरेका थिए। उनले आफ्नो भाऊ होइन परमेश्वरको भाऊ खोजेका थिए। उनी र उनका साथीहरूले जुन प्रार्थना गरे (दानिएल २:१७-२३) त्यसले तिनीहरूमा परमेश्वरप्रति कस्तो भरोसा रहेछ भनेर देखाउँदछ। नत्र भने तिनीहरू अरू बुद्धिमान, ज्ञानी मानिसहरूसँगै मर्ने थिए।

दानिएलले बुद्धिमानी मानिसहरू, ज्ञानी मानिसहरू, तन्त्रमन्त्र गर्ने मानिसहरू, ज्योतिषीहरू र जादुगरहरूको बचाऊको निम्ति (दानिएलले विवेकको स्वतन्त्रतालाई सम्मान गरेका थिए) बोलेतापनि ती कुनै पनि पेशागत मानिसहरूले सपनाको अर्थ बताउन सक्दैन भनेर स्पष्ट पारेका थिए। तर केवल स्वर्गमा रहनुहुने परमेश्वरले मात्र सपना वा रहस्यहरूको अर्थ प्रकट गर्न सक्नुहुन्छ किनभने उहाँमात्र सत्य परमेश्वर हुनुहुन्छ भनेर तत्कालीन विश्व सम्राट नाबूकदनेसरलाई खुलस्त पारेका थिए।

यसरी परमेश्वरमाथि भरोसा राखेर र नम्रताको पहिरणले सजिएर दानिएल परमेश्वरको निम्ति शक्तिशाली साक्षी हुनुपुगेका थिए। इतिहासको त्यस समयमा दानिएलले आफ्नो नम्रता वा परमेश्वरको सामु झुक्ने चरित्र देखाए भने अहिले पनि त्यही नम्रता हामीमा हुन किन जरुरी छ? दानिएलले थाहा नपाएका मुक्तिको योजना र अरू ज्ञानहरू हामीमा भएकोले हामीले झन झुक्न सिक्नुपर्छ। क्रुसमा येशूको बलिदानको बारेमा आत्मज्ञान दानिएललाई नभएको तर हामीमा भएकोले परमेश्वरको सामु शिर झुकाएर जिउने स्वभाव हामीमा हुनु अत्यन्त जरुरी भएको ठान्नुपर्छ।

**हामीले कतिसम्म नम्र हुनुपर्छ भनेर क्रुसले हामीलाई कसरी बताउँछ? हाम्रो पापमय अवस्थामात्र होइन हाम्रो मुक्तिको निम्ति परमेश्वरको सामु झुक्नु कति आवश्यक छ भनेर क्रुसले कसरी देखाउँछ? क्रुस बिना तपाईं आज कहाँ हुनुहुनेथियो,सो सोच्नुहोस्। तब क्रुस बिनाको अपूर्ण जीबनमा आफ्नै फाँइफुट्टी वा घमण्ड गर्नुको अर्थ के छ र? हेर्नुहोस् गलाती ६:१४ "हाम्रा प्रभु येशू ख्रीष्टको क्रूस बाहेक अरू कुनै पनि कुरामाथि घमण्ड गर्ने कुरा मदेखि दूर**

रहोस्, जसद्वारा मचाहिँ संसारको लेखि, र संसार मेरो लेखि क्रूसमा झुण्ड्याइएको छ।"

## ३. सुनको सालिक

बेबिलोनको डुरामा रहेको टुँडिखेलमा राजा नाबूकदनेसरले ठूलो सुनको सालिक बनाएर त्यसलाई सबैले ढोग भनेर उर्दी दिएका थिए। त्यसबखत तिन जना यहूदी युवाहरूले त्यस सालिकलाई नढोग्दा तिनीहरूलाई आगोको भट्टीमा फालिएको थियो तर परमेश्वरको हस्तक्षेपले तिनीहरूको उद्धार गरिएको थियो। दानिएल ३ मा उल्लेख गरिएको त्यो कथा र प्रकाश १३ मा लेखिएको विवरणले अन्तिम समयमा परमेश्वरका जनहरूले भोग्नुपर्ने सतावटको चित्रण गर्दछ भनेर बाइबलका पाठकहरूले धेरै समयदेखि बुझेका छन्।

**तुलनात्मक रूपमा दानिएल ३:१-६ र प्रकाश १३:११-१५ पढ्नुहोस् र तिनीहरूमा के समान विवरण देखाइएको छ? हेर्नुहोस्: "१ राजा नबूकदनेसरले तिस मिटर अग्लो र तिन मिटर चौड़ा भएको सुनको एक मूर्ति बनाए र त्यसलाई बेबिलोनको प्रदेश स्थित दूरा नाम गरेको मैदानमा स्थापना गरे। २ त्यसपछि उनले त्यो मूर्ति अर्पण गर्नलाई प्रान्तका बड़ाहाकिम, इलाका अधिकारी, राज्यपाल, सल्लाहकार, कोषाध्यक्ष, उच्च न्यायाधीश, तल्लो अदालतका न्यायाधीश तथा सम्पूर्ण प्रान्तीय अधिकृतहरूलाई भेला गरे। ३ यसकारण प्रान्तका बड़ाहाकिम, इलाका अधिकारी, राज्यपाल, सल्लाहकार, कोषाध्यक्ष, उच्च न्यायाधीश, तल्लो अदालतका न्यायाधीश तथा सम्पूर्ण प्रान्तीय अधिकृतहरू राजा नबूकदनेसरले खड़ा गरेको त्यस मूर्तिलाई अर्पण गर्न भेला भए र त्यसको अघि उभिए। ४ तब सो कुराको घोषणा गर्नेले चर्को स्वरमा कराएर भन्यो, " हे मानिसहरू, जातिहरू र विभिन्न भाषा बोल्नेहरू, तिमीहरूलाई यो हुकुम भएको छः ५ तिमीहरूले नरसिङ्गा, बाँसुरी, वीणा, सारङ्गी, सितार, न्याउली-बाजा र सबै किसिमका बाजाको स्वर सुन्ने बित्तिकै राजा नबूकदनेसरले स्थापना गर्नुभएको सुनका मूर्तिको अघि घोप्टो परेर तिमीहरू सबैले दण्डवत् गर्नुपर्छ। ६ घोप्टो परेर दण्डवत् नगर्ने जोसुकै पनि तुरुन्तै दन्किरहेको आगोको भट्टीमा फालिनेछ।" दानिएल ३:१-६, र "११ अनि पृथ्वीबाट निस्किरहेको अर्को एउटा पशु मैले देखें। त्यसको पनि थुमाका जस्तै दुई वटा सिङ थिए, र अजिङ्गरजस्तै त्यो बोल्दथ्यो। १२ त्यसले पहिलो पशुको उपस्थितिमा त्यही पशुको सारा अधिकार चलाउँदथ्यो, र पृथ्वी र त्यसका सम्पूर्ण बासिन्दाहरूलाई पहिलो पशुको**

पूजा गर्न लाउँथ्यो, जसको घातक चोट निको भएको थियो। १३ मानिसका आँखाको अगि आकाशबाट पृथ्वीमा आगो झार्नेजस्ता ठूला-ठूला चिन्हहरू पनि त्यसले गऱ्यो। १४ पहिलो पशुको उपस्थितिमा जुन चमत्कार देखाउने शक्ति त्यसलाई दिइएको थियो, त्यहीद्वारा त्यसले पृथ्वीका बासिन्दाहरूलाई बहकायो। तरवारको चोट खाएर पनि जीवित भएको त्यो पहिलो पशुको सम्मानमा एउटा मूर्ति बनाउने हुकुम त्यसले तिनीहरूलाई दियो। १५ त्यस पहिलो पशुको मूर्तिमा श्वाश हालिदिने अनुमति त्यसलाई दिइयो, यस हेतुले कि पशुको त्यो मूर्ति बोल्न सकोस्, र त्यस पशुको मूर्तिलाई नपुज्नेहरू मारिऊन्।" प्रकाश १३:११-१५।

दुबै मामिलामा मूर्तिलाई पूजागर्न आदेश दिइएको छ। त्यो पनि स्वइच्छाले होइन बलजफ्ति मूर्तीको सामु ढोग्नुपर्ने रे? त्यो राजनैतिक शक्ति हो जसले धर्मलाई जबरजस्ती लादेर राज्यले बनाएको देवतालाई मात्र आदेश दिइन्छ। सृष्टिकर्ता परमेश्वरको सामु ढोग्नुपर्ने अधिकारलाई राज्य आफैले बनाएको देवताको सामु ढोग्न कर लगाउँनुले परमेश्वरको उपहास गरेको देखाउँछ।

दानिएल ३:१२-३० पढ्नुहोस्। अन्तिम दिनहरूमा हामीले कस्तो खालको धम्की र सतावटको सामना गर्नुपर्नेछ अनि त्यसलाई कसरी सामना गर्न सक्नुपर्छ भनेर त्यस कथाले हामीलाई बताउँछ? हेर्नुहोस्: "१२ तर केही यहूदीहरू छन्, जसलाई हजूरले बेबिलोनको प्रान्तमाथि शासन गर्न नियुक्त गर्नुभयो, जसका नाउँ शद्रक, मेशक र अबेद्नगो हुन्। हे महाराजा, यिनीहरूले हजूरलाई टेर्दैनन्। यिनीहरू न त हजूरका देवताहरूलाई पुज्छन्, न हजूरले स्थापना गर्नुभएको सुनको मूर्तिलाई दण्डवत् गर्छन्।" १३ रिसले चूर भएर नबूकदनेसरले शद्रक, मेशक र अबेद्नगोलाई ल्याउने हुकुम गरे। यसकारण यी मानिसहरू राजाकहाँ ल्याइए, १४ र नबूकदनेसरले तिनीहरूलाई भने, "ए शद्रक, मेशक अबेद्नगो, के यो कुरा सत्य हुन् , कि तिमीहरू मेरा देवताहरूको सेवा गर्दैनौ वा मैले स्थापना गरेको सुनको मूर्तिलाई दण्डवत् गर्दैनौ ? १५ अब यदि तिमीहरूले नरसिङ्गा, बाँसुरी, वीणा, सारङ्गी, सितार, न्याउली-बाजा र सबै किसिमका बाजाहरूको आवाज सुन्ने बित्तिकै मैले बनाएको मूर्तिलाई दण्डवत् गर्न तयार भयौ भने धेरै राम्रो हुनेछ। तर यदि तिमीहरूले यसलाई दण्डवत् गरेनौ भने, तुरुन्तै दन्किरहेको आगोको भट्टीमा तिमीहरू फालिनेछौ। तब कुन देवताले तिमीहरूलाई मेरो हातबाट बचाउन सक्ला ? १६ शद्रक, मेशक, र अबेद्नगोले राजालाई जवाफ दिए, "हे नबूकदनेसर, यससम्बन्धमा हजूरको अगि हाम्रो आफ्नै

पक्षमा भन्नुपर्ने आवश्यकता केही छैन। १७ हे महाराजा, यदि हामीहरू दन्किरहेको आगोको भट्टीमा फालियौं भने, हामीले सेवा गरेका परमेश्वरले हामीलाई यसबाट बचाउन सक्नुहुनेछ र हजूरको हातबाट छुटकारा दिनुहुनेछ। १८ तर हामीलाई उहाँले यसो नगर्नुभए तापनि, हे महाराजा, हजूरका देवताहरूको सेवा गर्नेछैनौं न त हजूरले स्थापना गर्नुभएको सुनको मूर्तिलाई दण्डवत् गर्नेछौं भनी हजूरलाई थाहा होस् भन्ने हामी चाहन्छौं।" १९ तब शद्रक, मेशक र अबेद्नगोसित नबूकदनेसर रिसले चूर भए, र तिनीहरूप्रति उनको धारणा बद्लियो। उनले त्यस आगोको भट्टीलाई साधारणभन्दा सात गुणा चर्काउने हुकुम गरे, २० र उनका सेनाको सबभन्दा बलिया सिपाहीहरूमध्ये कोहीलाई शद्रक, मेशक र अबेद्नगोलाई बाँधेर दन्किएको आगोको भट्टीमा फ्याँकिदिन भनी आज्ञा गरे। २१ तब यी मानिसहरू दौरा, सुरुवाल, टोपी र अन्य लुगाहरूसित बाँधिएर दन्किरहेको आगोको भट्टीमा फ्याँकिए। २२ राजाको हुकुम यति जरूरी थियो र आगोको भट्टी यति तातो थियो कि आगोको ज्वालाले शद्रक, मेशक र अबेद्नगोलाई लैजाने सिपाहीहरूलाई भस्म पार्‍यो, २३ अनि यी तीन जना मानिसहरू दह्रिलो रूपमा बाँधिएकै अवस्थामा दन्किरहेको आगोको भट्टीमा परे। २४ त्यसपछि राजा नबूकदनेसरले आश्चर्यचकित हुँदै उफ्रेर आफ्ना सल्लाहकारहरूलाई सोधे, "के हामीले बाँधेर आगोमा फालेका तिन जना मानिसहरू होइनन् र ? उनीहरूले जवाफ दिए, "निश्चय नै हो, महाराजा।" २५ उनले भने, "हेर त, आगोभित्र चार जना मानिसहरू वरिपरि हिँड्रिरहेका देख्दछु, तिनीहरू नबाँधिएका र कुनै हानि नभएका देखिन्छन्, र त्यो चौथोचाहिँ देवताहरूको पुत्रजस्तै देखिन्छ।" २६ तब नबूकदनेसरले दन्किएको आगोको भट्टीको ढोका नजिक गएर चिच्च्याए, "हे शद्रक, मेशक र अबेद्नगो, सर्वोच्च परमेश्वरका सेवक हो, बाहिर निस्केर आओ।" तब शद्रक, मेशक र अबेद्नगो आगोबाट बाहिर निस्केर आए, २७ अनि प्रान्तका बड़ाहाकिमहरू, इलाका अधिकारीहरू, राज्यपालहरू, र सल्लाहकारहरू तिनीहरूका वरिपरि भीड़ लागे। उनीहरूले देखे कि आगोले तिनीहरूका शरीरमा हानि पुर्‍याएको थिएन, न त तिनीहरूका शिरको रौं नै खहरिएको थियो, तिनीहरूका लुगालाई आगोले छोएको थिएन र तिनीहरूमा आगोको कुनै गन्धैसमेत थिएन। २८ त्यसपछि नबूकदनेसरले भने, "शद्रक, मेशक र अबेद्नगोका परमेश्वरलाई प्रशंसा होस्, जसले आफ्ना दूतलाई पठाएर आफ्ना सेवकहरूलाई छुटकारा दिनुभयो। तिनीहरूले उहाँमाथि विश्वास गरे, र राजाको हुकुमलाई अस्वीकार गरी आफ्ना

**परमेश्वरलाई छोड़ेर कुनै देवतालाई सेवा गर्नु वा दण्डवत् गर्नुभन्दा बरु आफ्ना जीवन दिन तयार भए। २९ यसकारण म यो उर्दी दिँदैछु कि कुनै पनि जातिका वा कुनै पनि भाषा बोल्ने मानिसहरूले शद्रक, मेशक र अबेद्नगोका परमेश्वरको विरुद्धमा केही भन्छन् भने, उनीहरू टुक्रा-टुक्रा पारी काटिनेछन् र उनीहरूका घर उजाड़ पारिनेछन्, किनभने यसरी कुनै पनि अर्को देवताले बचाउन सक्दैनन्।** ३० त्यसपछि राजाले शद्रक, मेशक र अबेद्नगोलाई बेबिलोनको प्रान्तमा पदोन्नति गरिदिए।"

तत्कालीन विश्वको अत्यन्त शक्तिशाली सम्राटको हैसियतले नेबुकदनेसरले सद्रक, मेशक र अबेदनेकोलाई र तिनीहरूको परमेश्वरको बिरुद्धमा खिसी उडाएका थिए, "मेरो हातबाट तिमीहरूलाई कुन् परमेश्वरले छुटकारा दिन सक्छ र?" उनले छिट्टै त्यो परमेश्वर को हो भनेर जान्न वाध्य भएका थिए र यो घोषणा गरे, "शद्रक, मेशक र अबेदनेगोको परमेश्वर धन्यका हुन्। उहाँमाथि विश्वास गर्ने उहाँको सेवकहरूलाई छुटकारा दिन उहाँले आफ्नो स्वर्गदूतलाई पठाउनुभयो। राजाको हुकुमलाई नमानेर तिनीहरूले आफ्नो शरीरलाई त्याग्न तयार भए ताकि तिनीहरूले तिनीहरूको परमेश्वरलाई बाहेक अरू कसैको सेवा गर्न नपरोस्।" (दानिएल ३:२८)।

जब ती तिन जनालाई आगोमा चौथो व्यक्तिसँग देखे, त्यस घट्नाले राजालाई अचम्मित तुल्यायो र तिनीहरूले सेवा गरेका परमेश्वर अरूभन्दा भिन्नै रहेछन् भनेर थाहा पाए। तिनीहरूलाई आगोको भट्टीबाट छुटकारा दिइनेछ भनेर तिनीहरूले सम्भावना त देखेका थिएनन्। तै पनि जिउँदै जल्न राजी भएर राजाको आदेशलाई तिनीहरूले किन पालन गरेनन्? परमेश्वरप्रतिको विश्वास, निष्ठा, प्रतिवद्धता र बफादारिताको ज्वलन्त उदाहरण ती हिब्रूहरूले दिएका थिए। जुनसुकै परिस्थिति आएतापनि तिनीहरूले आफ्नो विश्वासको मामिलामा राजासँग पनि सम्झौता गरेनन्।

**चाहे अहिले होस् वा अन्तिम दिनहरूमा होस्, जब धर्मको मामिलामा वा कसैलाई ढोग्ने परिस्थिति आयो भने हामी पनि ती युवकहरू जस्तै आफ्नो विश्वासमा कसरी अडिग भएर बस्न सिक्ने? सानो तिनो कुरामा अहिले नै सम्झौता गरेर बसियो भने सङ्कष्टको समयमा ठूला ठूला कुराको सामना गर्नुपर्दा त्यसमा अडान लिन सक्छौं भनेर कसरी सोच्न सक्छौं र?**

## ४. अयहूदीहरूले परमेश्वरतिर मन फर्काउँछन्

सत्य परमेश्वरको शक्तिको अस्तित्वलाई राजा नाबूकदनेसरले स्वीकार गरेपछि दानिएल अध्याय ३ को अन्त हुन्छ। तर परमेश्‌वरको अस्तित्व र उहाँको शक्ति छ भनेर स्वीकार गर्दैमा कसैले मुक्ति पाउँछ भन्ने होइन। मुक्ति पाउन पुनर्जन्मको अनुभव एक निर्णायक तत्व हो भनेर येशूले एक जना धर्मगुरूलाई भन्नुभएको थियो | (यूहन्ना ३:७)। परमेश्वरलाई विश्वास गरेरमात्र पुग्दैन तर आत्मापरिवर्तन हुनुपर्छ वा हाम्रो नजर परमेश्वरमा राखेर हिंड्ने खुबी हामीमा हुनुपर्छ भनेर दानिएल ४:३०ले देखाउँदछ।

**विश्व सम्राट नाबूकदनेसरले आफूले निर्माण गरेका आफ्नो सहर बेबिलोन (आधुनिक इराक)को भव्य भवन र संरचनाहरू देखेर उनको दिमागमा के घमण्ड पसेको थियो? उसको समस्या के थियो? हेर्नुहोस्, दानिएल ४:३० "उनले भने, "के यो महान् बेबिलोन होइन, जुन मैले आफ्नो कीर्तिका महिमाको लागि मेरो ठूलो शक्तिद्वारा आफ्नो राजकीय निवासस्थान बनाएको छु ? " सृष्टि गरिएका मानिसले गर्नुपर्ने गर्व के छ र? हेर्नुहोस् यी पदहरूः यूहन्ना १५:५ "५ दाखको बोट म हुँ, तिमीहरूचाहिँ हाँगाहरू हौ। यदि कोही ममा रह्यो भने, र म त्यसमा रहें भने, त्यसले धेरै फल फलाउँछ, किनकि मबाट अलग रहेर तिमीहरू केही गर्न सक्दैनौ।", प्रेरित १५:२८ "किनभने पवित्र आत्मा र हामीहरूलाई यो उचित लाग्यो, कि यी आवश्यक कुराहरूबाहेक अरू बढ़ी बोझ तपाईंहरूलाई बोकाउनुहुँदैन।" र दानिएल ५:२३ " बरु स्वर्गका परमप्रभुको विरुद्धमा तपाईं आफैलाई खड़ा गर्नुभएको छ। हजूरले उहाँको मन्दिरबाट भाँड़ाहरू हजूरकहाँ ल्याउन लगाउनुभयो, र हजूर र हजूरका भारदारहरू, हजूरका श्रीमतीहरू र रखौटीहरूले तीबाट दाखमद्य पिउनुभयो। हजूरले चाँदी र सुनका, काँसाका, फलामका, काठ र ढुङ्गाका देवताहरूको प्रशंसा गर्नुभयो, जो न देख्छन् न सुन्छन् न बुझ्छन्। तर हजूरले यी परमेश्वरको आदर गर्नुभएन, जसको हातमा हजूरको जीवन र हजूरका मार्गहरू छन्।"**

दानिएल अध्याय ४ मा राजा नाबूकदनेसरलाई अत्यन्तै कठिन परिस्थितिद्वारा परमेश्वर र उहाँको शक्तिको अस्तित्व सिक्नुपरेको थियो। परमेश्वरबिना विश्व सम्राटै भएतापनि उनी कोही पनि होइनन् भनेर उनले थाहा पाउन वाध्य भएको थियो। हेर्नुहोस् दानिएल ४ "१ सारा पृथ्वीमा रहने विभिन्न भाषा बोल्ने जाति-जातिहरूका मानिसहरूलाई राजा नबूकदनेसरबाटः तिमीहरूलाई ठूलो संवृद्धि मिलोस्! २ सर्वोच्च परमेश्वरले मेरो निम्ति

गरिदिनुभएका आश्‍चर्यकर्मका चिन्हहरू र अचम्मका कामहरूको बारेमा
तिमीहरूलाई बताउन पाउँदा म खुशी छु। ३ उहाँका चिन्हहरू कति महान्
छन्, उहाँका अचम्मका कामहरू कति शक्तिशाली छन्! उहाँको राज्य
अनन्तको राज्य हो, उहाँको प्रभुत्व पुस्तौं-पुस्तासम्म रहिरहन्छ। ४ म
नबूकदनेसर, सन्तुष्टि र समृद्धिसाथ आफ्नो दरबारमा बसिरहेको थिएँ। ५ मैले
एउटा यस्तो सपना देखें, जसले मलाई भयभीत तुल्यायो। जसै म ओछ्यानमा
ढल्किरहेको थिएँ, मेरो मनमा आएका कल्पनाहरू र दर्शनहरूले गर्दा म
तर्सिएँ। ६ यसकारण त्यस सपनाको अर्थ खोल्नलाई बेबिलोनका सबै ज्ञानी
पुरुषहरूलाई मेरो सामुन्ने खड़ा गराउने हुकुम गरें। ७ जब जादूगरहरू
मन्त्रतन्त्र गर्नेहरू, ज्योतिषीहरू र जोखना हेर्नेहरू आए, मैले उनीहरूलाई सपना
बताएँ, तर उनीहरूले मलाई त्यसको अर्थ बताउन सकेनन्। ८ अन्तमा
दानिएल मकहाँ आए र मैले तिनलाई सपना बताइदिएँ। (तिनको नाउँ मेरो
देवताको नाउँजस्तै बेलतसजर हो, र पवित्र देवताहरूको आत्मा तिनमा छ।) ९
मैले भने, "हे बेलतसजर, जादूगरहरूका प्रमुख, म जान्दछु कि तिमीमा पवित्र
देवताहरूको आत्मा छ, र तिम्रोलागि कुनै पनि रहस्य अफ्टयारो छैन। सपना
यही हो, यसको अर्थ मलाई बताइदेऊ। १० ओछ्यानमा पल्टिरहँदा मैले
देखेका दर्शनहरू यी नै हुन्ः मैले देखें, मेरो सामुन्ने पृथ्वीको बीचमा एउटा
ठूलो रूख खड़ा भएको रहेछ। त्यो अत्यन्तै अग्लो थियो। ११ त्यो रूख ठूलो
र बलियो हुँदैगयो र त्यसको टुप्पोले आकाश छोयो, पृथ्वीको छेउसम्म पनि
त्यो देखिन्थ्यो। १२ त्यसका पातहरू सुन्दर र त्यसका फलहरू प्रशस्त थिए,
र त्यसमा सबैको लागि खाना थियो। त्यसको मुनि वनका पशुहरूले वास
पाउँथे, त्यसका हाँगाहरूमा चराहरू बस्थे, त्यसबाट सबै प्राणीहरूले खाना
पाउँथे। १३ ओछ्यानमा पल्टिरहेको बेला मैले दर्शनमा मेरो अगि स्वर्गबाट
एक समाचारवाहक, एक पवित्र जन तल आइरहेका देखें। १४ उनले चर्को
स्वरमा कराएर भने, "त्यस रूखलाई ढालिदे र हाँगाहरूलाई काटिदे, त्यसका
पातहरू झारिदे र त्यसका फलहरू छरपष्ट पारिदे। पशुहरू त्यसको
छहारीबाट र चराहरू त्यसका हाँगाबाट भागून्। १५ तर फलाम र काँसाले
बाँधिएको त्यसका ठुटो र जराहरू जमिनमा, खेतको घाँसमा नै रहोस्।
आकाशको शीतले त्यसलाई भिजाओस्, र त्यो पशुहरूसँग पृथ्वीका बोट-
बिरुवाहरूका बीचमा रहोस्। १६ त्यसको मन मानिसकोबाट बद्लिएर
त्यसलाई पशुको मन दिइओस्, जबसम्म त्यसको लागि सात काल

बित्नेछैनन्।" १७ समाचार वाहकहरूद्वारा निर्णय सुनाइएको छ, पवित्र जनहरूले फैसलाको घोषणा गर्दछन्, ताकि जीवित प्राणीहरूले जानून् कि मानिसहरूका राज्यमाथि सर्वाधिकार सर्वोच्चकै छ, र उहाँले इच्छा गर्नुभएकाहरूलाई ती राज्यहरू दिनुहुन्छ र मानिसहरूमा सबभन्दा नम्रलाई ती राज्यमाथि खड़ा गर्नुहुन्छ।" १८ म राजा नबूकदनेसरले देखेको सपना यही हो। अब हे बेलतसजर, यसको अर्थ मलाई बताइदेऊ, किनभने मेरो राज्यमा भएका ज्ञानी पुरुषहरूमध्ये कसैले पनि यसको अर्थ मलाई बताउन सक्दैन। तर तिमीले सक्छौ, किनभने पवित्र देवताहरूका आत्मा तिमीमा छ।" १९ दानिएल (जसलाई बेलतसजर पनि भनिन्छ) केही बेरसम्म अत्यन्तै व्याकुल भए, र आफ्ना विचारहरूले तिनलाई भयभीत पारे। यसकारण राजाले भने, "हे बेलतसजर, सपना र त्यसको अर्थले तिमीलाई व्याकुल नपारोस्।" बेलतसजरले जवाफ दिए, "मेरा प्रभु, यदि यो सपना हजूरका शत्रुहरूलाई र यसको अर्थ हजूरका विरोधीहरूलाई लागू हुने भए त हुनेथियो। २० हजूरले देख्नुभएको रूख, जुन बढ़ेर विशाल र बलियो भयो, र सम्पूर्ण पृथ्वीबाट देखिने गरी त्यसको टुप्पाले आकाश छोयो, २१ सुन्दर पातहरू र प्रशस्त फलहरूसहित जसले सबैलाई खाना दिन्थ्यो, वनका पशुहरूलाई छहारी दिन्थ्यो, र जसका हाँगाहरूमा आकाशका चराहरूका लागि गुँड़हरू थिए, २२ हे महाराजा, हजूर नै त्यो रूख हुनुहुन्छ। हजूर महान् र शक्तिशाली हुनुभएको छ, हजूरको महानता बढ़ेर आकाशसम्मै पुगेको छ, र हजूरको प्रभुत्व पृथ्वीको पल्लो छेउसम्मै छ। २३ हे महाराजा, हजूरले एक समाचारवाहक, एक पवित्र जनलाई स्वर्गबाट तल झर्दै र यसो भन्दैगरेको देख्नुभयो, "त्यस रूखलाई काटेर नष्ट गरिदे, तर खेतको घाँसमा फलाम र काँसाले बाँधिएको अवस्थामा ठुटोचाहिँ छोड़िदे, जब कि त्यसका जराहरू जमिनमा नै रहन्छन्। आकाशको शीतले त्यो भिजोस्, त्यसको लागि सात काल नबितुञ्जेल त्यो जङ्गली जनावरहरूजस्तै भएर जिओस्।" २४ हे महाराजा, त्यसको अर्थ यही हो, र सर्वोच्चले मेरा प्रभु महाराजाको विरुद्धमा दिनुभएको हुकुम यही होः २५ हजूर मानिसहरूबाट निकालिनुहुनेछ र जङ्गली पशुहरूसँग बस्नुहुनेछ, गाईबस्तुहरूझैं हजूरले घाँस खानुहुनेछ र आकाशको शीतले हजूर भिज्नुहुनेछ। हजूरको लागि सात काल बित्नेछ, जबसम्म हजूरले यो जान्नुहुन्न कि मानिसहरूका राज्यमाथि सर्वोच्चकै सर्वाधिकार छ र उहाँले इच्छा गर्नुभएको कसैलाई पनि ती राज्यहरू दिनुहुन्छ। २६ जरासहित ठुटो छोड्नू भन्ने हुकुमको अर्थ यो होः स्वर्गले शासन गर्दछ भन्ने कुरा जब हजूरले

स्वीकार गर्नुहुनेछ, तब हजूरको राज्य हजूरलाई फिर्ता गरिनेछ। २७ यसकारण हे महाराजा, मेरो सल्लाह लिन हजूर मन्जूर गर्नुहोस्, धर्म गरेर आफ्ना पापलाई त्याग्नुहोस् र अत्याचारमा परेकाहरूलाई दया देखाएर आफ्नो दुष्टतालाई छोड्नुहोस्। हुन सक्छ, त्यसपछि हजूरको ऐश्वर्य कायम रहनेछ। २८ यी सबै कुराहरू राजा नबूकदनेसरमाथि घट्यो। २९ बाह्र महिनापछि जब राजा बेबिलोनको राजदरबारको कौसीमा टहलिँदैथिए, ३० उनले भने, "के यो महान् बेबिलोन होइन, जुन मैले आफ्नो कीर्तिका महिमाको लागि मेरो ठूलो शक्तिद्वारा आफ्नो राजकीय निवासस्थान बनाएको छु ? " ३१ यी शब्दहरू उनको ओठबाट नसिद्धिँदै स्वर्गबाट एउटा यस्तो वाणी आयो, "नबूकदनेसर राजा, तेरो लागि फैसला गरिएको छः तँबाट तेरो राजकीय अधिकार खोसिएको छ। ३२ तँ मानिसहरूबाट धपाइनेछस् र जङ्गली पशुहरूसित बस्नेछस्, तैंले गाईबस्तुले झैं घाँस खानेछस्। तेरो लागि सात काल बित्नेछ, जबसम्म तैंले यो स्वीकार गर्दैनस् कि मानिसहरूका राज्यमाथि सर्वोच्चकै सर्वाधिकार छ र उहाँले इच्छा गर्नुभएको कसैलाई पनि ती राज्यहरू दिनुहुन्छ।" ३३ नबूकदनेसरको बारेमा जो कुरो भनिएको थियो, तुरुन्तै पूरा भयो। उनी मानिसहरूबाट धपाइए र उनले गाईबस्तुले झैं घाँस खान थाले। उनको रौं चीलका प्वाँखजस्तै र उनका नङहरू चराका नङ्ग्राहरूजस्तै नहोउञ्जेल उनको शरीर आकाशको शीतले भिज्यो। ३४ त्यो समयको अन्तमा म, नबूकदनेसरले आफ्नो आँखा उठाएर स्वर्गतिर हेरें, र मेरो होस फर्क्यो। तब मैले सर्वोच्चको प्रशंसा गरें, सदासर्वदै जिउनुहुने उहाँलाई मैले आदर र महिमा गरें। उहाँको प्रभुत्व अनन्तको प्रभुत्व हो, उहाँको राज्य पुस्तादेखि पुस्तासम्म रहिरहन्छ। ३५ पृथ्वीका सबै मानिसहरू व्यर्थका गनिन्छन्। स्वर्गका शक्तिहरूलाई र पृथ्वीका मानिसहरूलाई उहाँले चाहेअनुसार गर्नुहुन्छ। कसैले पनि उहाँको हात रोक्न सक्दैन, वा "तपाईंले के गर्नुभयो" भनी कसैले पनि सोध्न सक्दैन। ३६ मेरो होस फर्केकै समयमा, मेरो राज्यका गौरवको लागि मेरो आदर र प्रताप मकहाँ फर्केर आयो। मेरा सल्लाहकारहरू र भारदारहरूले मलाई खोज्न थाले, र म आफ्नो सिंहासनमा फर्के र पहिलेको भन्दा पनि महान् भएँ। ३७ अब म, नबूकदनेसरले स्वर्गका महाराजाको प्रशंसा, बढ़िबढ़ाउ र महिमा गर्दछु, किनभने उहाँले जे गर्नुहुन्छ ठीक गर्नुहुन्छ, र उहाँका सबै मार्गहरू न्यायसङ्गत छन्। अनि उहाँले घमण्डीहरूलाई नम्र बनाउन सक्नुहुन्छ।"

"एक पटक अत्यन्त घमण्ड गर्ने अहम्मा फुल्ने राजा परमेश्वरको नम्र बालक भए। उनी निरंकुश, कडा, अरूलाई जबरजस्ती आफ्नो कुरा लाद्ने राजा अब बुद्धिमानी र दयालु राजा हुन पुगे। स्वर्गका परमेश्वरको खिलाफमा बोलेर उहाँको बदनाम गर्ने राजा अब उनले भित्री हृदयदेखि अत्यन्तै उच्चमा रहनुहुने परमेश्वरको शक्तिलाई स्वीकार गर्न पुगे र यहोवेप्रतिको श्रद्धालाई इमान्दारिताकासाथ उनले उत्थान गर्न खोजे र आफ्ना जनताहरूको सुखमा ध्यान दिए। सारा राजाहरूको राजा र प्रभुहरूका प्रभुले उनलाई झपार्दा उनले त्यस्तो पाठ सिके जुन सबै शासकवर्गहरूले सिक्नु आवश्यक छ| जहाँ असली महानतामा असली भलाइ समेटिएको हुन्छ। यहोवे सत्य परमेश्वर हुनुहुन्छ भनेर यसरी उनले स्वीकार गरे, "म नाबूकदनेसर स्वर्गको राजाको प्रशंसा गर्नेछु, उहाँलाई सम्मान गर्नेछु र उहाँलाई उचाल्नेछु। उहाँका कामहरू सत्य छन् र उहाँका मार्गहरू न्यायसङ्गत छन् र जो घमण्ड गरेर चल्छन् तिनीहरूलाई निहुऱ्याइ दिनुहुनेछ।"-एलेन जी ह्वाइट, *प्रोफेटस एण्ड किङ्गस्*, पृ. ५२१बाट रूपान्तरित।

**बेबिलोन देशमा अनेकौं मूर्तिहरूलाई पूजा गर्ने र आफैले बनाएका देवतालाई मानिसहरूले मान्न कर लगाउने एक समयमा विश्वको शक्तिशाली सम्राट् मानिएको नाबूकदनेसर राजाले के समयसापेक्षित सत्य कुराहरू व्यक्त गर्न पुगेका थिए? हेर्नुहोस् फेरि दानिएल ४:३५ "पृथ्वीका सबै मानिसहरू व्यर्थका गनिन्छन्। स्वर्गका शक्तिहरूलाई र पृथ्वीका मानिसहरूलाई उहाँले चाहेअनुसार गर्नुहुन्छ। कसैले पनि उहाँको हात रोक्न सक्दैन, वा "तपाईंले के गर्नुभयो" भनी कसैले पनि सोध्न सक्दैन।"**

यहूदी जातिहरूमा अन्य जाति, गैर-यहूदी, मूर्तिपूजा गर्ने, बिदेशी वा म्लेच्छ भनेर कहलाइने मानिसले आफैले बन्दी बनाएर ल्याइएका हिब्रूहरूको परमेश्वरको सार्वभौमिसत्ता, प्रभुत्व, अधिकार र शक्तिलाई स्वीकार गराइएर दानिएल अध्याय ४ को अन्त हुन्छ। शुरूको चर्चमा यहूदीहरूको साक्षीले गर्दा र परमेश्वरको शक्तिले गर्दा गैर यहूदी वा अन्य जातिहरूले पनि सुसमाचार सुन्न पाएका थिए र सारा संसारले सुसमाचारको सन्देश सुन्ने अवसर पाएको थियो। राजा नबूकदनेसरले गरेको अनुभव यथार्थमा भन्ने हो भने छ सय वर्षपछि अयूदीहरूले पनि सृष्टिकर्ता परमेश्वरको बारेमा ज्ञान पाउने अधिकारको पूर्वअनुमानित दृश्य थियो।

युगको अन्तमा हुने येशूभक्तहरूको खिलाफमा अनेकौं अभियोग लगाएर मृत्युको घोषणा खेप्नुपर्ने, मानव निर्मित वाद र धर्मलाई जबरजस्ती लाद्न लगाएर मानिसहरूको मानव अधिकार हनन गर्ने, अनेकौं सतावट र आतङ्कको सामना गर्नुपर्ने जस्ता श्रृखलाहरूको बीचमा परमेश्वरप्रतिको निष्ठा र अडानमा कसरी अडिग भएर बस्ने भनेर यूहन्ना ३:५-७८ मा येशूले देखाउनुभएको बाटोलाई कसरी आत्मसात् गर्ने? हेर्नुहोस्: "५ येशूले जवाफ दिनुभयो, "साँच्चै म तिमीलाई भन्दछु, कोही पानी र आत्माद्वारा जन्मेन भने परमेश्वरको राज्यमा पस्न सक्दैन। ६ शरीरबाट जन्मेको शरीर हो, र पवित्र आत्माबाट जन्मेको आत्मा हो। ७ मैले तिमीलाई नयाँ गरी जन्मनुपर्छ भन्दा अचम्म नमान। ८ बतास जता चाहन्छ उतै बहन्छ। तिमी बतासको आवाज सुन्छौ, तर त्यो कहाँबाट आउँछ र कता जान्छ, त्यो जान्दैनौ। आत्माबाट जन्मेको हरेक व्यक्ति त्यस्तै हुन्छ।"

## ५. परमेश्वरप्रतिको दानिएलको विश्वास, निष्ठा र भरोसा

दानिएल ६ अध्याय पढ्नुहोस्: "१ सम्पूर्ण राज्यको शासन गर्नलाई एक सय बिस जना प्रान्तका बड़ाहाकिमहरू नियुक्त गर्न दारालाई मन लाग्यो। २ तीमाथि तिन जना अध्यक्ष नियुक्त गरिए, जसमध्ये दानिएल एक थिए। राजाको काममा हानि नहोस् भनेर ती प्रान्तका बड़ाहाकिमहरू उनीहरूप्रति उत्तरदायी गराइए। ३ अब दानिएलले असाधारण गुणहरूद्वारा आफैलाई ती अध्यक्षहरू र प्रान्तका बड़ाहाकिमहरूका बीचमा यस्तो फरक देखाए कि राजाले तिनलाई सम्पूर्ण राज्यको शासक नियुक्त गर्ने योजना गरे। ४ तब अध्यक्षहरू र प्रान्तका बड़ाहाकिमहरूले दानिएलको विरुद्ध अभियोग लगाउनका निम्ति सरकारी कामकारबाहीहरूमा तिनको दोष खोज्न लागे, तर त्यसो गर्न उनीहरू असमर्थ भए। उनीहरूले तिनमा कुनै पनि भ्रष्टाचार भेट्टाउन सकेनन्, किनभने तिनी विश्वासयोग्य थिए, र तिनी न त भ्रष्ट न लापरवाही नै थिए। ५ अन्तमा ती मानिसहरूले भने, "हामीले यस दानिएलको विरुद्धमा अभियोगको लागि, उसका परमेश्वरको व्यवस्थासम्बन्धमा बाहेक, कुनै पनि आधार कहिल्यै पाउन सक्नेछैनौं।" ६ यसकारण अध्यक्षहरू र प्रान्तका बड़ाहाकिमहरू एउटा समूह भई राजाकहाँ गएर भने, "हे महाराजा दारा, अमर रहून्! ७ राजकीय अध्यक्षहरू, प्रान्तका बड़ाहाकिमहरू, इलाका अधिकारीहरू, राज्यपालहरू, र सल्लाहकारहरू, सबैले यो मन्जूर गरेका छन्, कि राजाले एउटा आदेश निकाल्नुपर्छ र त्यस

आदेशलाई लागू गर्नुपर्छ, जसअनुसार आगामी तिस दिनसम्म हजूरबाहेक कुनै देवता वा मानिसलाई कसैले प्रार्थना गरे भने, हे महाराजा त्यस्ता व्यक्ति सिंहको खोरमा फालिनेछन्। ८ अब हे महाराजा, लिखित रूपमा यो आदेश निकाल्नुहोस्, र खारिज हुन नसक्ने मादी र फारसीहरूका ऐनबमोजिम यो आदेश बदली हुनेछैन।" ९ यसैकारण राजा दाराले लिखित रूपमा यो आदेश निकाले। १० जब दानिएलले त्यो आदेश प्रकाशित भएको थाहा पाए, तिनी आफ्नो घरको माथिल्लो तलाको कोठामा गए, जहाँ झ्यालहरू यरूशलेमतिर खुला थिए। पहिलेजस्तै तिनी दिनमा तीन पल्ट घुँड़ा टेकी परमेश्वरलाई धन्यवाद दिँदै प्रार्थना गर्थे। ११ तब ती मानिसहरू समूह बनाएर गए र दानिएलले परमेश्वरसँग सहायताको लागि प्रार्थना गरिरहेका उनीहरूले भेट्टाए। १२ यसकारण उनीहरू राजाकहाँ गए र उनलाई उनको राजकीय आदेशको बारेमा भने, "हे महाराजा, के आगामी तिस दिनको अवधिभर जसले हजूरलाई बाहेक अन्य कुनै देवता वा मानिसलाई प्रार्थना गर्छ, त्यो सिंहको खोरमा फ्याँकिनेछ भनी हजूरले एउटा आदेश प्रकाशित गर्नुभएको छैन र? " राजाले जवाफ दिए, "हो, मादीहरू र फारसीहरूका ऐनबमोजिम, जुनचाहिँ खारिज हुन सक्दैन, त्यो आदेश स्थायी छ।" १३ तब उनीहरूले राजालाई भने, "हे महाराजा, यहूदाबाट देशनिकाला गरिएकाहरूमध्ये एक जना दानिएलले हजूरको वा हजूरले लिखित रूपमा जारी गर्नुभएको आदेशको वास्ता गर्दैनन्। उनी अझै पनि दिनमा तिन पल्ट प्रार्थना गर्दछन्।" १४ जब राजाले यो कुरा सुने, उनी अत्यन्त दुखी भए। दानिएललाई छुटकारा दिने उनले निर्णय गरे र तिनलाई बचाउन सूर्यास्तसम्मै हरप्रयास गरे। १५ त्यसपछि ती मानिसहरू समूह भएर राजाकहाँ गए र उनलाई भने, "हे महाराजा, याद गर्नुहोस् कि मादीहरू र फारसीहरूका ऐनबमोजिम राजाको कुनै पनि आदेश वा उर्दी बदल्न सकिँदैन।" १६ यसकारण राजाले हुकुम दिए, र उनीहरूले दानिएललाई लिएर सिंहको खोरभित्र फालिदिए। राजाले दानिएललाई भने, "तिमीले निरन्तर सेवा गरेका तिम्रा परमेश्वरले तिमीलाई छुटकारा दिऊन्! "२१ दानिएलले उत्तर दिए, "महाराजा अमर रहून्! २२ मेरा परमेश्वरले आफ्ना स्वर्गदूत पठाउनुभयो, र उहाँले सिंहहरूका मुख थुनिदिनुभयो। तिनीहरूले मलाई कुनै चोट पुऱ्याएका छैनन्, किनभने उहाँको दृष्टिमा म निर्दोष भेट्टाइएँ। महाराजा, हजूरको सामु पनि मैले कुनै गल्ती गरेको छैनँ।" २३ राजा अत्यन्तै खुशी भएर दानिएललाई खोरबाट निकाल्ने आज्ञा दिए। अनि जब दानिएल खोरबाट निकालिए, तिनमा कुनै पनि चोट पाइएन, किनभने तिनले आफ्ना

परमेश्वरमाथि भरोसा गरेका थिए। २४ दानिएललाई झूटो आरोप लगाउने मानिसहरू राजाको हुकुममा भित्र ल्याइए र श्रीमती र नानीहरूसमेत उनीहरू सिंहको खोरमा फ्याँकिए। अनि उनीहरू खोरको भूइँमा नपुग्दै सिंहहरूले उनीहरूमाथि झम्टेर उनीहरूका हड्डीहरूसमेत कर्याककुरुक पारेर खाए। २५ तब राजा दाराले साम्राज्यभित्रका हरेक भाषा बोल्ने सबै मानिसहरू र जातिहरूलाई यस्तो लेखेः "तिमीहरूलाई कल्याण होस्! २६ म यो आदेश जारी गर्दछु कि मेरो राज्यभरका मानिसहरूले दानिएलका परमेश्वरको भय मान्नु र आदर गर्नुपर्छ। "किनभने उहाँ जिउँदो परमेश्वर हुनुहुन्छ, र उहाँ सधैंभरि रहनुहुन्छ। उहाँको राज्य नष्ट हुनेछैन, उहाँका प्रभुत्वको अन्त कहिल्यै हुनेछैन। २७ उहाँ छुटकारा दिनुहुन्छ र बचाउनुहुन्छ। उहाँ स्वर्गमा र पृथ्वीमा आश्चर्यकर्महरू गर्नुहुन्छ। उहाँले दानिएललाई सिंहहरूको शक्तिबाट छुटकारा दिनुभएको छ।" २८ यसकारण दाराको राज्यकाल र फारसी कोरेसको राज्यकालमा दानिएलको उन्नति भयो।"

अब देहायका प्रश्नहरूको जवाफ दिनुहोस्ः

अ. दानिएल ६ः४,५मा दानिएलको स्वभाव वा चरित्रको बारेमा के देखाइएको छ? हाम्रै विरोधीहरूको सम्मुख किन नहोस् हामीमा पनि दानिएलको चरित्र देखिइनुपर्छ भनेर कसरी प्रतिवद्धता व्यक्त गर्ने?

आ. दानिएलले खेप्नुपरेको अनुभवको चित्रण प्रकाशको पुस्तकमा लेखिएको अन्तिम युगमा हुने घटनासंग कसरी मिल्दछ? हेर्नुहोस्ः प्रकाश १३ः१-१८ "१ समुद्रबाट एउटा पशु निस्किआएको मैले देखें, जसका दश वटा सिङ र सात वटा शिर थिए। त्यसका सिङमा दश वटा मुकुट थिए, र त्यसका शिरमा ईश्वर-निन्दाको नाउँ थियो। २ मैले देखेको त्यो पशु चितुवाजस्तै थियो, त्यसका खुट्टाहरू भालुका जस्ता थिए, र त्यसको मुख सिंहको जस्तो थियो। त्यस अजिङ्गरले त्यस पशुलाई आफ्नो शक्ति, आफ्नो सिंहासन र ठूलो अधिकार दियो। ३ त्यसको एउटा शिरमा चाहिँ घातक चोट लागेको जस्तो देखिन्थ्यो, तर त्यसको चोट निको भयो। अनि सारा पृथ्वी छक्क परेर त्यस पशुको पछिपछि लाग्यो। ४ मानिसहरूले अजिङ्गरको पूजा गर्दथे, किनकि त्यसले आफ्नो अधिकार पशुलाई दिएको थियो। तिनीहरूले यसो भन्दै पशुको पूजा गरे, " यो पशुजस्तो अरू को छ? यसको विरुद्धमा को लड्न सक्ने? ५ त्यसलाई अहङ्कारी र ईश्वर-निन्दक शब्दहरू उच्चारण गर्ने मुख दिइयो। त्यसलाई बयालीस महिनासम्म अधिकार चलाउने अनुमति दिइयो। ६ परमेश्वरको विरुद्धमा निन्दा गर्न, उहाँको

नाउँ र उहाँको वासस्थान, र स्वर्गमा बस्नेहरूसमेत सबैको निन्दा गर्नलाई त्यसले आफ्नो मुख खोल्यो। ७ अनि त्यसलाई सन्तहरूसँग लड़ाइँ गर्न र तिनीहरूलाई जित्न अनुमति दिइयो। सबै कुलहरू, मानिसहरू, भाषाहरू र जातिहरूमाथि त्यसलाई अधिकार दिइयो। ८ र पृथ्वीमा वास गर्ने सबैले त्यस पशुको पूजा गर्नेछन्, अर्थात् तिनीहरूले, जसको नाउँ संसारको सृष्टिदेखि नै मारिनुभएका थुमाका जीवनको पुस्तकमा लेखिएको छैन। ९ जसको कान छ त्यसले सुनोस्" १० कैदमा जानुपर्ने कैदमा नै जानेछ, तरवारले मारिनेचाहिँ तरवारले नै मारिनेछ। सन्तहरूको सहनशीलता र विश्वास यसैमा छ। ११ अनि पृथ्वीबाट निस्किरहेको अर्को एउटा पशु मैले देखें। त्यसको पनि थुमाका जस्तै दुई वटा सिङ थिए, र अजिङ्गरजस्तै त्यो बोल्दथ्यो। १२ त्यसले पहिलो पशुको उपस्थितिमा त्यही पशुको सारा अधिकार चलाउँदथ्यो, र पृथ्वी र त्यसका सम्पूर्ण बासिन्दाहरूलाई पहिलो पशुको पूजा गर्न लाउँथ्यो, जसको घातक चोट निको भएको थियो। १३ मानिसका आँखाको अगि आकाशबाट पृथ्वीमा आगो झार्नेजस्ता ठूला-ठूला चिन्हहरू पनि त्यसले गऱ्यो। १४ पहिलो पशुको उपस्थितिमा जुन चमत्कार देखाउने शक्ति त्यसलाई दिइएको थियो, त्यहीद्वारा त्यसले पृथ्वीका बासिन्दाहरूलाई बहकायो। तरवारको चोट खाएर पनि जीवित भएको त्यस पहिलो पशुको सम्मानमा एउटा मूर्ति बनाउने हुकुम त्यसले तिनीहरूलाई दियो। १५ त्यस पहिलो पशुको मूर्तिमा सास हालिदिने अनुमति त्यसलाई दिइयो, यस हेतुले कि पशुको त्यो मूर्ति बोल्न सकोस्, र त्यस पशुको मूर्तिलाई नपुज्नेहरू मारिऊन्। १६ अनि त्यसले साना र ठूला, धनी र गरिब, फुक्का र कमारा सबैलाई तिनीहरूका दाहिने हात वा निधारमा छाप लगाउन लायो। १७ त्यो छाप नभईकन कसैले पनि किनमेल गर्न नपाउने भयो। त्यो छापचाहिँ त्यस पशुको नाउँ वा त्यसका नाउँको संख्या हो। १८ बुद्धिमत्ता यसैमा छः जसको समझ छ, त्यसले त्यस पशुको संख्या जोडोस्, किनकि त्यो कुनै मानिसको संख्या हो, र यो संख्याचाहिँ छ सय छ्यासठी हो।"

इ. यदि तपाईं दानिएलको ठाउँमा तपाईं हुनुभयो भने तपाईं के गर्नुहुन्छ? तपाईंले आफूलाई बचाउन के प्रार्थनाको नियमित समयलाई बदल्नुहुन्छ होला? अर्थात् तपाईं सिंहको खोरमा नफालिन कुन उपाय गर्नुहुन्थ्यो होला?

**ई.दानिएलले आवश्यकताको महसुस गरेर प्रार्थना गर्न किन समय र स्थान बदलेनन् र भयानक परिणाम आउने भएतापनि आफ्नो नित्य प्रार्थना किन रोकेनन्?**

**उ. राजा दानिएलले उनलाई के भने** (दानिएल ६:१६) **जसले गर्दा दानिएललाई सिंहको खोरमा फालिनुभन्दा पहिले उनलाई दानिएलको परमेश्वरको शक्तिको बारेमा केही थाहा थियो भनेर बताउँछ? आफूले सेवा गरेका र उपासना गरेका परमेश्वरको बारेमा दानिएलले राजालाई साक्षी दिएका थिए भनेर उनका बोलीले कसरी देखाउँदछ?**

## उपसंहारः

"जब हामी संसारको इतिहासलाई बन्द गर्ने समयको नजिक आइपुग्छौं तब दानिएलको पुस्तकमा लेखिएका भविष्यवाणीहरूप्रति हाम्रो बिशेष ध्यान जान आवश्यक भएको महसुस गर्नुपर्छ। यस युगको अन्त्यसँग सम्बधित ती भविष्यवाणीहरूले दिएका सन्देशहरूलाई थाहा पाउनु हाम्रै हितमा भएको मान्नुपर्छ। दानिएलको पुस्तकमा लेखिएका भविष्यवाणीहरूसँग नयाँ करारका अन्तिम पुस्तकहरू तुलना गरेर अध्ययन गर्नुपर्छ। दानिएलको पुस्तकमा र यूहन्नाले लेखेका प्रकाशको पुस्तकमा रहेका विभिन्न भविष्यवाणीहरू अत्यन्तै रहस्यमय छन् र हामीले बुझ्न सक्दैनौं न त बुझ्न आवश्यक नै छ भनेर धेरै इसाईहरूलाई विश्वास दिलाउन शैतानले प्रयास गरिरहेको छ। तर जसले ती भविष्यवाणीहरूको अध्ययन गर्दछ त्यसले विशेष आशिष मिल्दछ भन्ने कुरालाई स्पष्टसंग बुझ्दछ। अन्तिम समयमा खोलिने दानिएलले देखेका भविष्यवाणीका स्वप्न दर्शनहरूलाई बुद्धिमानी तथा ज्ञानीले बुझ्न सक्नेछ भनेर दानिएल १२:१०मा लेखिएको छ। शताब्दीयौं शताब्दीसम्म रहेका विश्वासीहरूलाई अगुवाइ गर्न आफ्नो सेवक युहन्नालाई दिइएको दर्शनको लेखा पढ्नेलाई येशूले यो प्रतिज्ञा दिनुभएको छ, "जसले यो पढ्दछ, यसमा लेखिएको भविष्यवाणीहरूका वचनहरूलाई सुन्दछ र त्यसै अनुसार चल्दछ त्यो मानिस धन्यको होस्' प्रकाश १:३।"-एलेन जी ह्वाइट, *प्रोफेटस एण्ड किङ्गस्,* ५४७,५४८बाट रूपान्तरित।

दानिएलको पुस्तकमा लिखित भविष्यवाणीहरूलाई राष्ट्रहरूको उदय र पतन (दानिएल ७:२२,२६,८:१४), महासंकष्टको समयमा परमेश्वरलाई आफ्ना जनहरूलाई उद्धार गर्ने काम (दानिएल १२:१)को सेरोफेरोमा अध्ययन

गरिएतापनि ती भविष्यवाणीहरूले हामीले अनुभव गर्नुपर्ने दुःख,कष्ट, परीक्षा र सतावटकोलागि व्यक्तिगत रूपमा तयार हुन सिकाउँछ भनेर हामीले यस अध्यायमा सिक्यौं। अन्तिम समयको निम्ति दिइएका महत्त्वपूर्ण सन्देशहरू अति निर्णायक छन् भनेर दानिएलमा लिखित कथाहरूले स्पस्ट पर्दछ। पशुको छाप, अन्तिम समयमा येशूभक्तहरूले सहनुपर्ने वा आउने अमानबीय व्यवहारहरू र दुःख तथा कष्टको समयको ज्ञानचाहीँ हुने तर हामीलाई आवश्यक भएको परमेश्वरसँगको सम्बन्ध सुमधुर छैन भने ती ज्ञानहरूले हामीलाई केवल दोषीमात्र ठहऱ्याउँछ। ज्ञानले मात्र होइन दानिएल, उनका साथीहरू र नाबूकदनेसरले अनुभव गरेका पुनर्जन्म अहिले नै हामीहरूले पाउनु पर्ने आवश्यकता भएको हामी सबैले ठान्नुपर्दछ।

**चिन्तनमननः**

अ. **दानिएल ९:३-१९मा दानिएलले गरेका अत्यन्त समसामयिक र महत्त्वपूर्ण प्रार्थना प्रस्तुत गरिएको छ। हाम्रो धर्मकर्म होइन न त हामीहरूको अथक प्रयास वा त्यागले तर परमेश्वरको अनुग्रह, उहाँको प्रेम र उहाँकै उदार अनुकम्पा वा दयालेमात्र मुक्ति पाउँछौं भन्ने आत्मज्ञान उक्त प्रार्थनाले हामीलाई कसरी देखाउँछ? यो सत्य केवल बुझ्नमात्र होइन हामीले अनुभव पनि गर्न किन आवश्यक छ? हेर्नेहोस्ः "१ अहासूरसका छोरा दाराको प्रथम वर्षमा, जो मादी वंशका थिए र बेबिलोनी राज्यका शासक तुल्याइएका थिए। २ उनका राज्यकालको प्रथम वर्षमा म, दानिएलले, यर्मिया अगमवक्तालाई दिइएको परमप्रभुको वचनअनुसार, धर्मशास्त्रबाट बुझें कि यरूशलेमको उजाड़ अवस्था सत्तरी वर्षसम्म रहनेछ। ३ यसकारण उपवाससाथ भाङ्ग्रा ओढ़ेर खरानी धसी प्रार्थना र अन्तरबिन्ति गर्दै परमप्रभु परमेश्वरतिर फर्के। ४ मैले पाप स्वीकार गर्दै परमप्रभु मेरा परमेश्वरलाई प्रार्थना गरें "हे परमप्रभु, महान् र भययोग्य परमेश्वर, जसले उहाँलाई प्रेम गर्ने र उहाँका आज्ञा पालन गर्ने सबैसँग प्रेमको करार पूरा गर्नुहुन्छ, ५ हामीले पाप गरेका छौं र गल्ती गरेका छौं। हामी दुष्ट भएका छौं र बागी बनेका छौं, हामी तपाईंका आज्ञा र धार्मिक**

नियमहरूबाट तर्केका छौं। ६ हामीले तपाईंका सेवक
अगमवक्ताहरूका कुरामा ध्यान दिएनौं, जसले तपाईंको नाउँमा
हाम्रा राज्यहरू, हाम्रा प्रधानहरू र हाम्रा पिता-पुर्खाहरू र
देशका सबै मानिसहरूसँग बोलेका थिए। ७ परमप्रभु, तपाईं
धर्मी हुनुहुन्छ, तर तपाईंप्रति भएको विश्वासघातको कारणले
सबै देशहरूमा छरपष्ट पारिएका नजिक र टाढ़ा बस्ने, हामी
यहूदाका मानिसहरू र यरूशलेम र इस्राएलका जनताहरू
लाजले ढाकिएका छौं। ८ हे परमप्रभु, हामी र हाम्रा राजाहरू
हाम्रा प्रधानहरू र हाम्रा पिता-पुर्खाहरू लाजले ढाकिएका छौं,
किनभने तपाईंको विरुद्धमा हामीले पाप गरेका छौं। ९ हामी
उहाँको विरुद्धमा बागी भएका छौं, यद्यपि परमप्रभु हाम्रा
परमेश्‍वर कृपालु र क्षमाशील हुनुहुन्छ। १० हामीले परमप्रभु
हाम्रा परमेश्‍वरका आज्ञा पालन गरेका छैनौं र उहाँका सेवक
अगमवक्ताहरूद्वारा दिइएका नियमहरू पनि मानेका छैनौं।
११ तपाईंको आज्ञापालन गर्न अस्वीकार गरी सम्पूर्ण
इस्राएलले तपाईंको व्यवस्था भङ्ग गरेका छन् र तपाईंदेखि
टाढ़ा भएका छन्। यसकारण परमेश्‍वरका सेवक मोशाको
व्यवस्थामा उल्लिखित सराप र शपथ गरिएका फैसलाहरू
हामीमाथि खन्याइएका छन्, किनभने तपाईंको विरुद्धमा
हामीले पाप गरेका छौं। १२ हामीमाथि ठूलो विपत्ति ल्याएर
हाम्रा विरुद्धमा र हाम्रा शासकहरूका विरुद्धमा बोल्नुभएका
वचनहरू तपाईंले पूरा गर्नुभएको छ। यरूशलेमसित
आकाशमुनि कहिल्यै नगरिएको व्यवहार गरिएको छ। १३
मोशाको व्यवस्थामा लेखिएजस्तै यी सबै विपत्ति हामीमाथि
आएका छन्, तैपनि आफ्ना पापदेखि फर्किएर तपाईंको
सत्यतालाई ध्यान दिएर हामीले परमप्रभु हाम्रा परमेश्‍वरको
कृपा खोजेका छैनौं। १४ हामीमाथि विपत्ति ल्याउन परमप्रभु
अनकनाउनुभएन, किनभने परमप्रभु हाम्रा परमेश्‍वर उहाँले
गर्नुहुने सबै कुरामा धर्मी हुनुहुन्छ। तापनि हामीले उहाँको
आज्ञा मानेका छैनौं। १५ अब हे परमप्रभु हाम्रा परमेश्‍वर,
जसले आफ्ना जनहरूलाई शक्तिशाली हातले मिश्रदेशबाट

ल्याउनुभयो र आजको दिनसम्म आफ्नो नाम स्थिर राख्नुभएको छ, हामीले पाप गरेका छौं, हामीले गल्ती गरेका छौं। १६ हे परमप्रभु, तपाईंका धार्मिक कार्यअनुरूप तपाईंको सहर, तपाईंको पवित्र डाँड़ा यरूशलेमबाट आफ्नो क्रोध र रिस हटाउनुहोस्। हाम्रा पाप र हाम्रा पिता-पुर्खाका अपराधले गर्दा यरूशलेम र तपाईंका मानिसहरू हाम्रा वरिपरिका मानिसहरूका सामु गिल्लाका पात्र बनेका छन्। १७ अब हे हाम्रा परमेश्वर, आफ्नो दासको प्रार्थना र अन्तरबिन्ती सुन्नुहोस्। हे परमप्रभु, तपाईंको आफ्नै खातिर आफ्नो उजाड़ पारिएको पवित्रस्थानमाथि कृपा-दृष्टि राखिदिनुहोस्। १८ हे परमेश्वर, आफ्नो कान थाप्नुहोस् र आँखा खोल्नुहोस् र तपाईंको नाउँ बोकेको सहरको उजाड़ अवस्था हेर्नुहोस्। हामी धर्मी छौं भनेर यो बिन्ती गरेका छैनौं, तर तपाईंको महान् कृपाको कारणले। १९ हे परमप्रभु, सुन्नुहोस्! हे परमप्रभु, क्षमा गर्नुहोस्! हे परमप्रभु, सुन्नुहोस् र कारबाही गर्नुहोस्। हे मेरा परमेश्वर, आफ्नो खातिर ढिलो नगर्नुहोस्, किनभने तपाईंको सहर र तपाईंका मानिसहरूले तपाईंको नाउँ बोकेका छन्।"

आ. जब राज्य र धर्म मिल्दछ तब धर्मगुरू र राजनैतिक शासक वर्गहरू मिलेर परमेश्वरका जनहरूलाई धर्मको नाउँमा कसरी सताउँछन् भनेर आगोको भट्टीमा फ्याँकिएका तिन जना हिब्रूहरू ( दानिएल ३) र सिंहको खोरमा खसालिएका दानिएल (दानिएल ६)को अनुभवहरूले हामीलाई कसरी चुनौति दिन्छ भनेर सोच्नुहोस्। ती दुवै अनुभवहरूका लेखोटहरूमा के समानता छ र के फरक छ? हामी पनि हाम्रो आस्था र निष्ठामा जुनसुकै परिस्थितिमा पनि अडिग हुनुपर्छ भनेर दुवै विवरणहरूले हामीलाई कसरी सिकाउँदछ?

इ. नयाँ गरि जन्मनु वा मरेपछि होइन अहिले नै पुनर्जन्मको अनुभब गर्नु भनेको के हो? "तिमी नयाँ गरि जन्मनुपर्छ" भनेर येशूले निकोदिमसलाई किन भन्नुभयो होल? (यूहन्ना ३:७)।

*कथा २*

## नाच्ने घर स्कुल हुन्छ

**मार्शन आइल्याण्ड**

**नोआब लेमारी, ६६**

सन् १९८० मा अमेरिकी सरकारसँग इबेई टापुमा सेभेन्थ-डे एडभेन्टिस्ट संस्था र अस्पताल खोल्ने भनि एक सहमतिमा हस्ताक्षर भएको थियो। त्यसबेला उक्त टापुमा कोही पनि एडभेन्टिस्ट थिएनन्। त्यस समय त्यो टापुमा १२,००० जति मानिसहरू बसोबास गर्दथे। त्यो प्यासिफिक समुद्रमा रहेको माइक्रोनेसिया टापु क्षेत्रमा भएको भू-भाग थियो जुन अमेरिकी सरकारको नियन्त्रणमा थियो। मचाहिँ त्यहाँको एक अस्पतालमा नर्स भएर काम गर्दै थिएँ। मेरो श्रीमान रेलङ्ग इबेई टापुको मुख्य पुलिस अफिसर थिए। स्थानीय बासिन्दा भएको नाताले हामीले त्यहाँ केही जग्गाहरू लिएर बसोबार गरेका थियौं।

जब एडभेन्टिस्ट मिसनले अस्पताल खोल्यो तब त्यहाँ उच्च एडभेन्टिस्ट प्रशासक, डाक्टर र नर्सहरू त्यहाँ काम गर्न आएका थिए।त्यो अस्पताल करिब चार वर्षसम्म चल्यो। एक दिन त्यस अस्पतालकी मुख्य नर्स जेरी ह्विटलाण्डले मेरो श्रीमान र मलाई बाइबल अध्ययन गर्न निम्तो दिइन्। त्यस कुरामा हामी सहमत भयौं र उहाँ पनि हाम्रो घरमा हरेक साँझ बाइबल सिकाउन आउन थाल्नु भयो।

त्यही समयमा एक दिन मेरो भतिजा टमी किल्मा र चर्चका दुई पदाधिकारीहरू ग्वामा टापुमा आइपुगे। टमी ग्वामा चर्चको पास्टर थियो। टमी र चर्चका पदाधिकारीहरूले इबेई टापुमा एडभेन्टिस्ट चर्च र स्कुल खोल्न मेरो श्रीमानसँग अनुमति मागे। मेरो श्रीमानले त्यहाँका स्थानीय अगुवाहरूसँग त्यसको वारेमा छलफल गरे। अनि तिनीहरूको सहमतिपछि मेरा श्रीमानले त्यहाँ चर्च र स्कुल खोल्न अनुमति दिए।तर कहाँनेर खोल्ने भनेर छलफल भैरहेको बेलामा हामीले हाम्रो एउटा नाचघर र बिङ्गो जुवा खेल्ने घर नै सेवा संगतिको निम्ति दिने मञ्जुरी गर्‍यौं, किनकि बाइबल अध्ययन गर्न थालेपछि नाचगान र जुवा खेलाएर पैसा कमाउनु पर्मेश्वरको नजरमा राम्रो कम होइन भनेर हामीलाई केही असजिलो लागिरहेको थियो।बरु त्यस ठाउँमा किन्डरगार्टेन र प्राथमिक स्कुल खोल्यौं। जहाँ हाम्रो जेठो छोरो आ.डी. धेरै विद्यार्थीहरूमध्ये प्रथम हुन पुगेको थियो।हामीले प्रत्येक साबथ हाम्रो घरमा आराधनाका सेवाकार्यहरू पनि चलाउन थालेक थियौ।

हामीले हाम्रै घरमा तिन वर्षसम्म बाइबल अध्ययन गऱ्यौं। कहिलेकाहीं ती मुख्य नर्सले बाइबल अध्ययन गराउथिन् भने कहिलेकाहीँ अस्पतालका प्रशासक वा अस्पतालसँग सम्बधित अरू एडभेन्टिस्टले हामीलाई बाइबल सिकाउँथे।

समय बित्दै जाँदा यस विषयमा मेरो मगजमा नानाथरी कुराहरू खेल्न थाल्यो।किनभने म कट्टर आइतवारे विश्वासी परिवारमा हुर्केको मानिस थिएँ अर्कोतिर मेरो बुबा मेरो पुर्खौली टापु नामु चर्चको एल्डर हुनुहुन्थ्यो तर चर्चका पास्टर नहुँदा बुबाले चर्चमा प्रचार वा वचन बाड्ने गर्नुहुन्थ्यो। तर पछि मेरा श्रीमान र मैले एडभेन्टिस्टहरूले सिकाएका सत्य बाइबलीय शिक्षा सिकेका हुनाले सन् १९८३मा हामीले एडभेन्टिस्ट चर्चमा बप्तिस्मा लियौं। त्यसबेला हामी नै उक्त इबेई टापुको पहिलो एडभेन्टिस्ट बन्न पुगेका थियौ।

तर बुबाले मेरो नयाँ आस्थाको बिरोध गर्नुभयो। बप्तिस्मा लिएको एक वर्षपछि म मेरो टापु घरमा फर्किएँ। एक पटक आइतवारको दिन म लुगा धुदै थिएँ, तब मेरो बुबा चर्चबाट आएर, "यो तिमीले के गरेको? ती गोरा मानिसहरूसँग लागेर आइतबारको दिनमा काम गरेर तिमीले किन परमेश्वरका आज्ञाहरू तोडिरहेका छौ?" भनेर मलाई गाली गर्नुभयो।

मैले बाइबल खोलेर येशूलाई क्रुसमा टाँगिएको सन्दर्भमा दुई पदहरू खोलेर बुबालाई देखाइदिएँ। एउटा मत्ती २८ः१ थियो जुन मैले पढेर सुनाइदिंए। त्यसमा लेखिएको थियो, "अब साबथ पछि हप्ताको पहिलो दिनको बिहान मेरी मग्दलिनी र अर्की मेरी चिहानमा हेर्न आए" (रूपान्तरित) र अर्को पद लूका २३:५४ पल्टाएर पढैं, "त्यो दिन तयारीको दिन थियो र साबथ नजिकिंदै थियो।"

त्यसपछि बुबाले म शनिवार चर्च गएकोमा कुनै बिमति वा बिरोध गर्नु भएन। साबथप्रति उहाँको धारणालाई मैले परिबर्तन गर्न नसके तापनि उहाँलाई थाहा थियो कि मैले साबथको प्रभुलाई भेट्टाएको छु।
त्यसबेला सम्म इबेई टापुमा स्कूलको ठूलो प्रगति भै सकेको थियो त्यहाँ धेरै बिद्यार्थीहरू भर्ना हुन थालेका थिए। अमेरिकाको वाला वाला कलेजबाट समेत त्यस स्कूलमा पढाउन विद्यार्थी शिक्षकहरू आउन थालेका थिए।

सन् १९८६मा इबेई टापुसमेत रहेको मार्शल आइलाण्ड अमेरिकाबाट स्वतन्त्र भयो। अर्को वर्ष ठूलो गोदाम घरमा त्यो स्कूल सारियो। नयाँ भवनमा कक्षाहरू थपेर १२ कक्षासम्म पुऱ्याइयो। मेरो छोरो आर डीले त्यही स्कूलबाट

१२ कक्षा पास गरेर अमेरिकाको टेक्सासमा रहेको साउथवेस्टरन एडभेन्टिस्ट युनिभर्सिटीमा पढ्न गयो।

सेभेन्थ डे एडभेन्टिस्ट चर्चमा मैले नयाँ सत्यहरू पाएकोमा मलाई हर्ष लागिरहेको थियो त्यसैले म जहिले पनि हँसिलो स्वभावमा हुन्थ्यें। धेरै मानिसहरूले म खुशी भएको थाहा पाएका थिए र म किन हँसिलो छु भन्ने विषयमा सोध्दथे। मैले धेरै परीक्षा र दुःखहरू सामना गर्नु परिरहेको थियो तर परमेश्वरले मलाई सहायता गरिरहनु भएको थियो।

सन् १९८७मा मेरो श्रीमान अचानक बिरामी पर्नु भयो उहालाई अमेरिकाको हवाई राज्यमा रहेको अस्पतालमा हवाई जहाजबाट लगियो। उहाँको फोक्सोमा घाऊ भएको थियो। उहाँ बाँच्नुहुन्छ कि बच्नुहुन्न भन्ने विषयमा डाक्टरहरूले केहि भन्न सकिरहेका थिएनन्। अवस्था जटिल थियो तर सृष्टिकर्ता पर्मेश्वरमा पूर्ण आशाका साथ हामी सबैले मिलेर उहाको निम्ति प्रार्थना गर्‍यौं अन्ततः उहा डाक्टरहरूलाई अचम्म पार्दै पाँचदिन भित्रै निको हुनुभयो र अस्पतालबाट सरासर बाहिर निस्कनुभयो। उहाँको शरीर स्वस्थ थियो। परमेश्वरले उहाँको ज्यान बचाउनुभएकोमा परमेश्वरप्रति म धेरै आभारी छु। अन्तमा ६७ वर्षको उमेरमा उहाँ २०१८ मा परमेश्वरमा निदाउनु भयो।

मेरो श्रीमानको स्वास्थमा आएको समस्याको केही वर्षपछि हामीले परिवारमा अर्को बिरामीको सामना गर्नुपर्‍यो। इबेई एडभेन्टिस्ट चर्चको एल्डर भएको मेरो भाइ बुहारीले एउटा बालक जन्माइन् तर त्यो बालकको टाउको असाधारण किसिमले दिनानुदिन बढ्दै ठूलो-ठूलो हुँदै गैरहेको थियो। त्यसपछि हामीले त्यो बालकलाई अस्पतालमा लाग्यौ। त्यहाँको डाक्टरले उसको टाउकोमा पानी जमेको छ र उसलाई हवाई जहाजबाट तुरन्तै अमेरिकाको हवाई राज्यमा रहेको अस्पतालमा लानुपर्छ भनेर सल्लाह दिए।हामीले डाक्टरको सल्लाह बमोजिम नै हवाई राज्यतर्फ जाने निर्णय गर्‍यौं। हामी प्लेन चढ्यौ जब त्यस हवाई राज्यको अस्पतालमा आउन त्यस राज्यको हनोलुलुमा हवाई जहाज अवतरण भयो  तब मैले भाइलाई भनें, “जहाजबाट निस्कनुभन्दा पहिले प्रार्थना गरौं।" हामीले प्रार्थना गर्‍यौं त्यसपछि अस्पतालतर्फ गयौं। जुनबेला हामी डाक्टरलाई भेट्न अस्पतालमा कुरिरहेका थियौं त्यतिखेर पनि हामीले  बिरामी बच्चाकोलागि  प्रार्थना गर्‍यौं। जब डाक्टर आएर बालकको टाउको जाँच गरे तब डाक्टरले बच्चाको टाउकोमा कुनै पनि प्रकारको पानी जमेको भेट्टाएनन्।

बालकको टाउको ठिक आकार र अवस्थामा थियो। ऊ राम्रोसँग निको भइसकेको थियो।

प्रार्थनको शक्तिको वारेमा म विश्वास गर्छु। मेरो हृदय मुस्कुराइरहेको थियो। मैले सबै थोक परमेश्वरमा अर्पण गरेको छु। मेरा सबै आवश्यकताहरू उहाँले पूरा गरिदिनुहुन्छ भनेर म बिश्वास गर्दछु।

६६ *वर्ष की नोहबी लेमरीले अस्पतालको हेड नर्सबाट अबकास पाइन्। तर उनी इबेई टापुको एडभेन्टिस्ट चर्चमा अत्यन्त सक्रिय विश्वासी भएर चर्चको काममा सहयोग गरिरहेकी छिन्। अहिले उठेको भेटीको केही भाग उनको श्रीमानले दिएको चर्च र स्कूलको मर्मत गर्न सहयोगमा जानेछ।*

## मार्शल आइलाण्डको बारेमा थप जानकारी

अ) मार्शल आइलाण्डमा रमणीय सूर्योदय भन्ने स्थान "रटक" र सूर्यास्त भन्ने "रलिक" ठाउँहरू छन्। त्यहाँ समुद्रका आकर्षित पत्थरहरू र विभिन्न जातका माछाहरू पाइन्छ साथै सयौं टापुहरू पनि छन्।

आ ) समुद्रबाट प्रायजसो सबै भू-भागहरू ७ फिट मात्र अग्ला छन्।

इ ) झण्डै समुद्री सतह सरहकै टापुहरू भएको कारणले मार्शल आइलाण्डमा जहिले पनि समुद्रको पानी माथि आएर ती टापुहरू छोपिन सक्ने सम्भावना रहेको छ। जलवायु परिवर्तन र बाढीले गर्दा कुनै दिन त्यो राज्य नै डुबेर गायब हुन सक्छ भनेर अनुमान पनि गरिएको छ।